सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ वैशाख २०८३, शुक्रबार (8 May 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ पोखरा विमानस्थल निर्माणमा
तीन अर्ब ६२ करोड कर छुट दिएर भ्रष्टाचार

तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १३ विरुद्ध मुद्दा





ज्ञानेन्द्रबहादुर कार्की
तत्कालीन अर्थमन्त्री



शंकरप्रसाद अधिकारी
तत्कालीन अर्थसचिव



महेश्वर न्यौपाने
तत्कालीन पर्यटनसचिव



सञ्जीव गौतम
क्यानका तत्कालीन महानिर्देशक

मूल सम्झौताको प्रावधानविपरीत मिलेमतोमा नयाँ 'कार्यान्वयन सम्झौता' गरेर कर, महसुल र अन्य शुल्कहरू छुट दिई ठेकेदारलाई दोहोरो लाभ प्रदान गरेको अख्तियारको आरोप



■ भ्रष्टाचार मुद्दा दायर भएसँगै गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरे निलम्बित

सुवास भट्ट/नयाँ पत्रिका

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रियामा सम्झौताविपरीत ठेकेदारसँग मिलेमतो गरेर तीन अर्ब ६२ करोड कर छुट दिई भ्रष्टाचार गरेको आरोपमा अख्तियारले तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १३ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। जसमा एक बहालवाला सचिव, चार पूर्वसचिव र क्यानका तत्कालीन महानिर्देशक तथा ठेकेदारसमेत छन्। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारसम्बन्धी यो तेस्रो मुद्दा हो।

राष्ट्रसेवक पदाधिकारी, कर्मचारी र ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडले आपसी मिलेमतो र योजना बनाएर भ्रष्टाचार गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। विमानस्थल निर्माण गर्दा मूल सम्झौताको प्रावधानविपरीत कर, महसुल र अन्य शुल्कमा छुट दिई ठेकेदार कम्पनीलाई दोहोरो लाभ हुने गरी हिनामिना, हानि-नोक्सानी गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

'नेपाल सरकारले ऋणस्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट ३

» पृष्ठ २ मा क्रमशः

कोविरुद्ध कति बिगो र सजाय दाबी ?

■ तत्कालीन अर्थमन्त्री **ज्ञानेन्द्रबहादुर कार्की**
बिगो | ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ
सजाय | १० देखि १४ वर्षसम्म कैद र मन्त्रीका रूपमा थप तीन वर्ष

■ तत्कालीन अर्थसचिव **शंकरप्रसाद अधिकारी** र पर्यटनसचिव **महेश्वर न्यौपाने**
बिगो | ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ
सजाय | १० देखि १४ वर्षसम्म कैद र सचिवका रूपमा थप तीन वर्ष

■ पूर्वसचिवद्वय (तत्कालीन सहसचिव) **केवलप्रसाद भण्डारी** र **सुरेश आचार्य**, बहालवाला सचिव (तत्कालीन सहसचिव) **डण्डुराज घिमिरे** तथा क्यानका तत्कालीन महानिर्देशक **सञ्जीव गौतम**
बिगो | ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ
सजाय | १० देखि १४ वर्षसम्म कैद र सचिवका रूपमा थप तीन वर्ष

■ क्यान महानिर्देशक (तत्कालीन आयोजना निर्देशक) **प्रदीप अधिकारी**, पर्यटन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर **योगेश अर्याल**, अर्थ मन्त्रालयका उपसचिव **युगराज पाण्डे** र शाखा अधिकृत **उर्मिला भण्डारी**
बिगो | ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ
सजाय | १० देखि १४ वर्षसम्म कैद

■ ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङका अध्यक्ष **वाङ बो** तथा आयोजना प्रबन्धक **याङ झिगाङ**
बिगो | ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ
सजाय | १० देखि १४ वर्षसम्म कैद

यसअघि नै गइसकेका छन् दुई मुद्दा

● पहिलो मुद्दा (२१ मंसिर ०८२) : विमानस्थल निर्माणमा लागत अनुमानको तुलनामा अस्वाभाविक मूल्य बढाएर आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार २९७ रुपैयाँ भ्रष्टाचार, तत्कालीन पाँच मन्त्री, १० पूर्वसचिवसहित ५५ जना प्रतिवादी।

● दोस्रो मुद्दा (८ चैत ०८२) : विमानस्थल आयोजनाको सुपरिवेक्षण परामर्शदाता नियुक्तिमा हिनामिना गरी ४६ करोड १५ लाख भ्रष्टाचार, पूर्वपर्यटनसचिव र नागरिक उड्डयन प्राधिकरणका तीन महानिर्देशकसहित २१ प्रतिवादी।

न्यायालय अब शर्माको कमान्डमा

०७२ को संविधानले तोकेको प्रधानन्यायाधीशको ६ वर्षे कार्यकाल पूरा गर्ने पहिलो अवसर डा. मनोजकुमार शर्मालाई, बहुदलपछि विश्वनाथ उपाध्यायले सबैभन्दा धेरै चार वर्ष डेढ महिना गरेका थिए न्यायालयको नेतृत्व

● प्रधानमन्त्री बालेनले प्रस्ताव गरेको डा. मनोजकुमार शर्माको नाममा सभामुख डोलप्रसाद अर्याल, कानुनमन्त्री सोविता गौतम र उपसभामुख रुबिकुमारी ठाकुरको समर्थन

● राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल र विपक्षी दलका नेता भीष्मराज आङदेम्बेको 'नोट अफ डिसेन्ट'

शिल्पा कर्ण, कमलराज भट्ट/नयाँ पत्रिका

न्यायालयको नेतृत्व अब सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्माले सम्हाल्ने भएका छन्। बिहीबार बसेको संवैधानिक परिषद्को बैठकले शर्मालाई प्रधानन्यायाधीश पदमा सिफारिस गरेको हो।

अब संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि शर्मा प्रधानन्यायाधीशमा पदवहाल हुनेछन्। समितिमा सत्तापक्ष (रास्वपा)को बहुमत भएकाले अनुमोदन निश्चित छ। उनले ६ वर्षे कार्यकालको पूरा अवधि अर्थात् ०८९ वैशाखसम्म काम गर्न पाउनेछन्।

निवर्तमान प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले ६५ वर्षे उमेरहदका कारण गत १८ चैतमा अवकाश पाएपछि रिक्त पदमा २६ फागुनमा न्यायपरिषद्ले वरिष्ठताका आधारमा चौथो नम्बरमा रहेका शर्मासहित ६ न्यायाधीशको नाम सिफारिस गरेको थियो। जसमा क्रमशः वरिष्ठतम न्यायाधीश (कायममुकामय प्रधानन्यायाधीश) सपना प्रधान मल्ल तथा न्यायाधीशहरू कुमार रेग्मी, हरि फुयाँल, शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठ थिए। वरिष्ठतम न्यायाधीशलाई नै प्रधानन्यायाधीश बनाउने परम्परा रहे पनि यसमा कुनै संवैधानिक बाध्यता भने छैन।

संविधानको धारा १२९ मा प्रधानन्यायाधीशको योग्यता तोकिएको छ। जहाँ सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्त हुन योग्य हुने भनिएको छ। वरिष्ठ न्यायाधीशलाई नै प्रधानन्यायाधीश बनाउनुपर्ने संवैधानिक बाध्यता नभएकाले परिषद्ले वरीयतामा चौथो नम्बरमा रहेका शर्मालाई न्यायालयको बागडोर सुम्पिएको हो। यसअघि चोलेन्द्रशमशेर जबरा दोस्रो वरीयतामा रहे पनि प्रधानन्यायाधीश नियुक्त भएका थिए।

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा सभामुख, राष्ट्रिय सभा अध्यक्ष, प्रधानन्यायाधीश, विपक्षी दलको नेता र उपसभामुख सदस्य रहने प्रावधान छ। प्रधानन्यायाधीश नियुक्त गर्न बस्ने बैठकमा भने न्यायपरिषद् सदस्यसमेत रहने कानुनमन्त्री सदस्यको हैसियतमा उपस्थित हुने संवैधानिक व्यवस्था छ।

» पृष्ठ २ मा क्रमशः



प्रधानन्यायाधीशमा सिफारिस डा. मनोजकुमार शर्मा

■ किन छानिए शर्मा ?

सबैभन्दा बढी फैसला गरेको रेकर्ड शर्माको नाममा

वरिष्ठताका आधारमा नभई योग्यताका आधारमा डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरिएको संवैधानिक परिषद्को सचिवालयले जनाएको छ। विगत पाँच वर्षमा शर्माले सात हजारभन्दा बढी मुद्दा तथा निवेदनमाथि फैसला गरेको रेकर्ड छ। न्यायपरिषद्ले प्रस्ताव गरेका ६ न्यायाधीशमा फैसला रेकर्ड शर्माकै नाममा धेरै देखिएको हो। ०७६ साउनदेखि ०८१ असारसम्मको अभिलेखअनुसार प्रधानन्यायाधीशमा सिफारिस शर्माले सात हजार ३८८ मुद्दा फर्स्योट गरेका थिए। सोही अवधिमा पहिलो वरीयतामा रहेकी सपना प्रधान मल्लले चार हजार ६७१, दोस्रो वरीयताका कुमार रेग्मीले ६ हजार २२६ र तेस्रो वरिष्ठताक्रमका हरिप्रसाद फुयाँलले ६ हजार ५२६ मुद्दाको फैसला गरेका थिए। त्यस्तै, शर्मापछि पाँचौं रोलक्रममा रहेका नहकुल सुवेदीले दुई हजार ३९७ र छैटौं नम्बरका तिलप्रसाद श्रेष्ठले दुई हजार ७४६ फैसला गरेको सर्वोच्च अदालतको अभिलेख छ।

● संवैधानिक परिषद् बैठकमा प्रधानमन्त्री बालेनले भनेका थिए-
परम्परा तोड्नै खोजेको हो, विज्ञता, क्षमता र न्याय सम्पादनको दक्षता रोजेको हो



नयाँ प्रधानन्यायाधीश सिफारिस गर्न बसेको बिहीबारको संवैधानिक परिषद् बैठकमा अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेनले वरीयतामा चौथो नम्बरमा रहेका डा. शर्माको नाम प्रस्ताव गरेका थिए। तर, परम्परा वरिष्ठतामा पहिलो नम्बरमा रहेकालाई सिफारिस गर्ने थियो, जुन संवैधानिक बाध्यता भने होइन। बैठकमा प्रधानमन्त्री बालेनले परम्पराभन्दा विज्ञता, क्षमता र दक्षतालाई प्राथमिकता दिएर शर्माको नाम सिफारिस गरेको तर्क गरेका थिए। 'परम्परा तोड्नै खोजेको हो,' शाहलाई उद्धृत गर्दै एक सदस्यले भने, 'यो प्रस्ताव विज्ञता, क्षमता र न्याय सम्पादनमा दक्षता देखेर आएको हो।'

४ असार ०२७ मा जन्मिएका पर्सा वीरगन्जका शर्मा सर्वोच्चका न्यायाधीशमा ६ वैशाख ०७६ मा नियुक्त भएका थिए। तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा न्यायपरिषद्को नेतृत्वमा छँदा उनलाई सर्वोच्च ल्याइएको थियो। नाताले पूर्वप्रधानन्यायाधीश दामोदर शर्माका भतिजासमेत रहेका उनको पृष्ठभूमि वकालत हो। सर्वोच्चको न्यायाधीशमा शर्माको नियुक्तिपछि उनको योग्यतालाई लिएर वरिष्ठ अधिवक्ता शम्भु थापाले त्यतिबेला रिट दायर गरे पनि पछि खारेज भएको थियो।

नेपाल ल क्याम्पसबाट बिएल गरेका शर्माले एलएलएम (स्नातकोत्तर) भने भारतको पुने युनिभर्सिटीबाट गरेका थिए। उनले त्रिभुवन विश्वविद्यालयबाट श्रम कानुनमा विद्यावारिधि गरेका छन्। पुनरावेदन अदालत बुटवल र पाटनमा अतिरिक्त न्यायाधीशका रूपमा काम गरेका शर्माले ०७० जेठदेखि ०७२ मंसिरसम्म उच्चमा न्याय सम्पादन गरेका थिए। शर्माले पछिल्लोपटक न्यायाधीश सपना प्रधान मल्ल र नहकुल सुवेदीसँगै संवैधानिक नियुक्ति खारेज नहुने सम्बन्धमा फैसला गरेका थिए।





कम्बोडियामा स्क्याम गर्नेविरुद्ध कडा कानुन कार्यान्वयनमा

पाँच हजार डलर जरिवानादेखि आजीवन कैदसम्म, नेपाली युवा पनि पर्न सक्ने



■ नेपाली युवालाई राम्रो रोजगारीको प्रलोभनमा मानव तस्करले 'डंकी' रुटबाट कम्बोडिया पुऱ्याई कल सेन्टरमा 'साइबर दास' बनाउँदै, ६३ जना पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

कम्बोडियाली सरकारले अनलाइन स्क्याम (ठगी)मा संलग्नविरुद्ध पाँच हजार अमेरिकी डलर जरिवानादेखि आजीवन कारावाससम्म सजाय हुने कानुन कार्यान्वयनमा ल्याएपछि उक्त अवैध धन्दामा संलग्न नेपालीहरू पनि समस्यामा पर्ने भएका छन्। राम्रो रोजगारीको प्रलोभनमा कम्बोडिया पुऱ्याएर स्क्याममा जबर्जस्ती लगाइएका नेपाली युवा कारबाहीमा पर्ने भएका हुन्।

कम्बोडियाली प्रहरीले एक साताअघि मात्रै स्क्याममा संलग्न नेपाली ७२ सहित विभिन्न देशका एक हजारभन्दा धेरैलाई पक्राउ गरेको थियो। थाइल्यान्डस्थित नेपाली दूतावासले भने नेपालीको हकमा उक्त कानुन कार्यान्वयन नगरिदिन भन्दै कूटनीतिक पहल गरेको छ।

नेपालका लागि थाइल्यान्डस्थित दूतावासका

» पृष्ठ २ मा क्रमशः

स्क्याममा ७२ नेपाली युवा पनि परेका छन्, नेपालीको हकमा माफी दिन भन्दै पत्राचार गरेका छौं



● **धनबहादुर वली**, राजदूत, थाइल्यान्ड

"कम्बोडियाली प्रहरीले साता दिनअघि मात्रै स्क्याममा संलग्न एक हजारभन्दा धेरै मानिस पक्राउ गऱ्यो। त्यसमा ७२ नेपाली पनि परेका छन्। यसैबेला कम्बोडियाली सरकारले स्क्याममा संलग्न हुनेहरूविरुद्ध कडा कानुन कार्यान्वयनमा ल्याएको छ। यसबाट पक्राउ परेका नेपाली युवा पनि प्रभावित हुनेजस्तो देखियो। यद्यपि, हामीले नेपाली युवाको हकमा माफी दिन भन्दै पत्राचार गरेका छौं।

पाँच हजार डलर...

पृष्ठ १ बाट क्रमशः

राजदूत धनबहादुर वलीले कम्बोडियाली सरकारले स्क्यामविरुद्ध कडा कानुन ल्याएको र त्यसबाट नेपाली युवा प्रभावित हुन सक्ने बताए। 'कम्बोडियाली प्रहरीले साता दिनअघि मात्रै स्क्याममा संलग्न एक हजारभन्दा धेरै मानिस पक्राउ गऱ्यो। त्यसमा ७२ नेपाली पनि परेका छन्। यसैबेला कम्बोडियाली सरकारले स्क्याममा संलग्न हुनेहरूविरुद्ध कडा कानुन कार्यान्वयनमा ल्याएको छ। यसबाट पक्राउ परेका नेपाली युवा पनि प्रभावित हुनेजस्तो देखियो,' उनले भने, 'यद्यपि हामीले नेपाली युवाको हकमा माफी दिन भन्दै पत्राचार गरेका छौं।'

कम्बोडियाली सरकारले एक साताअघिबाट मात्रै कार्यान्वयनमा ल्याएको कानुनअनुसार उक्त कसुरमा संलग्न हुनेविरुद्ध दुई लाख ५० हजारदेखि पाँच लाखसम्म अमेरिकी डलर जरिवाना हुने दूतावासले जनाएको छ। त्यस्तै, दुई वर्षदेखि आजीवन कारावाससको सजाय हुने व्यवस्था कानुनले गरेको छ। राजदूत वलीले भने, 'उनीहरूले स्क्याममा संलग्नविरुद्ध अत्यन्तै कडा कानुन कार्यान्वयनमा ल्याएका छन्। जसअनुसार कसुरमा संलग्न हुनेविरुद्ध दुई लाख ५० हजारदेखि पाँच लाख अमेरिकी डलरसम्म जरिवाना हुनेछ। त्योसँगै उनीहरूविरुद्ध दुई वर्षदेखि आजीवन कारावाससको सजाय हुनेछ।'

थाइल्यान्डस्थित नेपाली दूतावासका अनुसार कम्बोडियामा पछिल्लो दिन मात्रै दुरुपयोगमा फसेका ११३ नेपालीको उद्धार गर्नुपर्ने सूची तयार भएको छ। जसमध्ये १०२ जनाले उद्धारका लागि निवेदन नै दिएका छन्। उनीहरूमध्ये ६३ युवाको हकमा एकतर्फी कागजात पठाइसकिएको राजदूत वलीले जानकारी दिए। यी ६३ जना पक्राउ परेका ७२ मध्येके हुन् वा अन्य भन्ने नखुलेको उनको भनाइ छ।

दूतावासका अनुसार कम्बोडियाको कल सेन्टरमा अझै धेरै नेपाली युवा साइबर दासका रूपमा कार्यरत रहेको हुन सक्छ। चाँडो उद्धार नभए उनीहरू पक्राउ पर्ने र कसुर प्रमाणित भए आजन्म कारावासमा पर्न सक्ने जोखिम छ। दूतावासका अनुसार कम्बोडियाबाट मात्रै पछिल्लो आर्थिक वर्ष ५७२ नेपालीको उद्धार गरिएको छ। उनीहरू सबै कुनै न कुनै अपराधमा संलग्न थिए। त्यसमध्ये अधिकांश अनलाइन स्क्याममा संलग्न थिए। उनीहरूलाई मानव तस्करले 'डंकी' रुट प्रयोग गर्दै कम्बोडिया पुऱ्याएका थिए। र, उनीहरूलाई कल सेन्टरमा 'साइबर दास'का रूपमा प्रयोग गरिएका थिए।

कम्बोडियामा बसेर कल सेन्टर सञ्चालन गर्नेहरू भने सबै चिनियाँ नागरिक हुन्। उनीहरूकै निर्देशनमा नेपाली युवालाई तस्करी गरेर कम्बोडिया लगिएको थियो। राम्रो कमाई हुने प्रलोभनमा कम्बोडिया पुगेका युवा बन्धकसमेत बनाइएका थिए। शारीरिक तथा मानसिक यातनापछि मात्रै उनीहरू उद्धारका लागि दूतावासको सम्पर्कमा पुगेका थिए। नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार पछिल्लो पाँच वर्षमा कम्बोडियाबाट मात्रै उद्धार भएका २४ नेपाली ब्युरोको सम्पर्कमा आएका छन्। उनीहरूको जाहेरीपछि १६ जनाविरुद्ध मानव बेचबिखन तथा ओसारपसार कसुरअन्तर्गत मुद्दा चलेको ब्युरोका प्रवक्ता एसपी राजन लिम्बूले बताए।

उनले भने, 'कम्बोडियामा साइबर दासका रूपमा नेपाली युवाको तस्करी हुने गरेको तथ्य पटक-पटक सार्वजनिक भएका छन्। त्यसमध्ये २४ जना हाम्रो सम्पर्कमा आएका थिए। १६ विरुद्ध त मानव बेचबिखन तथा ओसारपसार कसुरमा मुद्दा नै चलेको छ। अझै पनि ७० भन्दा धेरै नेपाली कम्बोडियामा अलपत्र रहेको सूचना छ। उनीको उद्धारका निम्ति पहल भइरहेका छन्।'

पछिल्लो वर्ष कम्बोडियासहित म्यानमार, थाइल्यान्ड र लाओस मानव तस्करीको नयाँ गन्तव्य बनेको छ। विशेष गरी नेपाली युवालाई साइबर दास बनाउने उद्देश्यले त्यस्ता मुलुकमा लगिने गरेको देखिएको छ। त्यसरी जाने ३१३ नेपालीलाई त्यहाँको सरकारले नेपाल डिपोर्ट गरिसकेको छ। उनीहरूमध्ये १०४ जनाले ब्युरोमा जाहेरी दिएका छन्। सोही जाहेरीका आधारमा ब्युरोले हालसम्म ३४ मुद्दा दर्ता गरिसकेको ब्युरो प्रमुख एसएसपी कृष्ण पंगेनीले बताए।

सडक दुर्घटना न्यूनीकरण गर्न 'शुभयात्रा अभियान'

उदयपुरमा **विदुर कटुवाल**



मदन भण्डारी लोकमार्गको उदयपुर खण्डमा बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्न स्थानीय अभियन्ताले 'शुभयात्रा अभियान' सञ्चालन गरेका छन्। सामाजिक अभियन्ता रमा मगरको संयोजकत्वमा गठन भएको सुरक्षित सडक अभियान उदयपुरले गत मंगलबारदेखि एक हप्ते सडक सचेतनामूलक कार्यक्रम सुरु गरेको हो।

सुनसरीको चतरादेखि कटारी नगरपालिकासम्म फैलिएको करिब ११० किलोमिटर सडकखण्डमा पछिल्ला वर्षहरूमा दुर्घटनाको संख्या बढ्दै गएपछि स्थानीय समुदायको सक्रियतामा अभियान थालिएको संयोजक मगरले बताइन्। उनका अनुसार अभियान झन्डै एक सातासम्म सञ्चालन हुनेछ। 'दुर्घटनाले धेरै परिवार प्रभावित भएका छन्। आफ्नै आँखाअगाडि दुर्घटनामा आफन्त गुमाउने, घाइते बोक्ने र सडकमा छरिएको पीडा देखेका छौं। त्यसैले नागरिकस्तरबाट पनि सडक सुरक्षामा सचेतना फैलाउने प्रयास गरेका हौं,' मगरले भनिन्।

मदन भण्डारी लोकमार्गले बेलका नगरपालिका, चौदण्डीगढी नगरपालिका, त्रियुगा नगरपालिका, रौतामाई गाउँपालिका, उदयपुरगढी गाउँपालिका र कटारी नगरपालिकालाई जोडेको छ। यस सडकखण्डअन्तर्गत उदयपुरगढी गाउँपालिका- ७ को अँधेरी क्षेत्रलाई सबैभन्दा जोखिमपूर्ण मानिन्छ। घुमाउरो सडक, उकालो-ओरालो र तीव्र गति दुर्घटनाको मुख्य कारण रहेको ट्राफिक प्रहरीको भनाइ छ।

अभियानमा सहभागी युवाहरू बिहान, दिउँसो र साँझ व्यस्त समयमा सडक किनारमा उभिएर चालकलाई सावधानी अपनाउन आग्रह गरिरहेका छन्। उनीहरूले हेल्मेट र सिटबेल्ट प्रयोग गर्न, ओभरस्पिड नगर्न तथा मादक पदार्थ सेवन गरेर सवारी नचलाउन सन्देश दिइरहेका छन्। संयोजक मगरले सडक सुरक्षा केवल प्रहरीको जिम्मेवारी नभई सबै नागरिकको साझा दायित्व भएको बताउँछिन्। 'दुर्घटनाले हाम्रो समाजलाई प्रत्यक्ष असर गरिरहेको छ। त्यसैले सबै नागरिक सचेत हुन आवश्यक छ,' उनले थपिन्।

अभियानमा जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुर र नेपाल प्रहरीको समेत सहकार्य रहेको छ। ट्राफिक प्रहरीले विद्यालयहरूमा सडक सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। विद्यार्थीमार्फत घर-घरमा सुरक्षित यात्राको सन्देश पुऱ्याउने उद्देश्य राखिएको प्रहरीले जनाएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका निमित्त प्रमुख वरिष्ठ सइ रमेश धमलाका अनुसार सप्तकोशी चतरादेखि कटारी ककुरखोला खण्डअन्तर्गत उदयपुरगढी गाउँपालिका- ७ को अँधेरी झर्नादेखि जोगीटोलसम्मको तीन किलोमिटर सडक सबैभन्दा जोखिमयुक्त क्षेत्र हो। उक्त सडकखण्डमा लगातार घुम्ती, उकालो र ओरालो रहेका कारण दुर्घटना बढी हुने गरेको उनले बताए।

धमलाका अनुसार ठुला चारपांग्रे सवारीसाधन ब्रेक फेल भएर तथा मोटरसाइकल र साना सवारी तीव्र गतिका कारण दुर्घटनामा पर्ने गरेका छन्। उनका अनुसार उदयपुर खण्डमा करिब दुई दर्जन स्थानलाई दुर्घटनाग्रस्त क्षेत्रका रूपमा पहिचान गरिएको छ। बाकुन्द्रे खोला, मुस्कान चोक, घुम्ने, द्वार खोलापुल, इक्राहा, फुलजोर, भातिखर्क, फिल्केटोल, झोडा, अँधेरी-जोगीटोल, तिनचोके, बिजुले मोड, भुल्के र डाडडुडे मोड दुर्घटनाग्रस्त क्षेत्र मानिएका छन्। सडक दुर्घटना बढ्दै गएपछि सरोकारवालाले सडकको भौगोलिक अवस्थाबारे थप अध्ययन गर्न माग गर्दै आएका छन्। दुर्घटना न्यूनीकरणका लागि विभिन्न स्थानमा चेतनामूलक बोर्ड, कन्भेक्स मिरर, प्लास्टिक ड्रम तथा अँधेरी-जोगीटोल क्षेत्रमा 'रम्बल स्ट्रिप'समेत राखिएको छ।

न्यायालय अब...

पृष्ठ १ बाट क्रमशः

संवैधानिक परिषद्को सचिवालयका अनुसार शर्मालाई प्रधानन्यायाधीश बनाउने निर्णयको पक्षमा चार र विपक्षमा दुई मत थियो। बैठकमा अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले शर्माको नाम प्रस्ताव गरेका थिए। जसलाई सभामुख डोलप्रसाद अर्याल, कानुनमन्त्री सोविता गौतम, उपसभामुख रुवीकुमारी ठाकुरले समर्थन गरेका थिए। राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल, प्रतिनिधिसभाका विपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले भने विपक्षमा मत राखेका थिए। उनीहरूले परम्पराअनुसार वरिष्ठतम न्यायाधीश मल्ललाई प्रधानन्यायाधीश बनाउनुपर्ने धारणा राखेका थिए।

संवैधानिक परिषद्ले सिफारिस गरेसँगै अब शर्माको संसदीय सुनुवाइ हुनेछ। संघीय संसद्को संयुक्त समितिको रूपमा रहेको संसदीय सुनुवाइ समितिले सुनुवाइ गरेर अनुमोदन गरेपछि शर्मालाई राष्ट्रपतिले प्रधानन्यायाधीश पदमा नियुक्त गर्नेछन्। प्रतिनिधिसभा र राष्ट्रिय सभाको १५ सदस्यीय संसदीय सुनुवाइ समितिमा सत्तापक्षकै बहुमत छ। सुनुवाइ समितिमा सभापतिसहित रास्वपाका आठ सदस्य छन्। विपक्षीतर्फ काङ्ग्रेसका तीन तथा एमाले र नेकपाका दुई-दुई गरी सात सदस्य छन्।

शर्माले ०८९ वैशाखसम्म ६ वर्ष पूरा कार्यकाल व्यतित गर्दा हालकी बरिष्ठतम् न्यायाधीश मल्ल तथा न्यायाधीशहरू रेग्मी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेललगायत ११ न्यायाधीशले अवकाश पाइसकेका हुनेछन्। प्रधानन्यायाधीश भएपछि न्याय परिषद् अध्यक्षको भूमिकासमेत सम्हाल्ने उनले भावी न्यायाधीश नियुक्ति तथा कारबाही गर्ने जिम्मेवारी पाउनेछन्। सर्वोच्चमा हाल २२ हजारभन्दा धेरै मुद्दा बिचाराधीन छन्।

राष्ट्रिय सभा अध्यक्ष र विपक्षी दलका नेताको 'नोट अफ डिसेन्ट'

संवैधानिक परिषद्को बैठकमा राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल र विपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले लिखित असहमति (नोट अफ डिसेन्ट) राखेका छन्। परिषद् सचिवालयका अनुसार अध्यक्ष दाहालले 'विधि, प्रक्रिया र परम्परालाई तोडेर जुन हठात्मा प्रस्ताव आयो, त्यो प्रस्तावमा सहमति जनाउन सकिँदैन' भनेर लेखेका छन्। त्यस्तै, विपक्षी दलका नेता आङ्देम्बेले विधि र परम्परा मिचेर आएको प्रस्तावलाई लिखित असहमति जनाएको बताए।

यस्तो छ बाँकी पाँच न्यायाधीशको पृष्ठभूमि ?

● सपना प्रधान मल्ल

२९ कात्तिक ०२० मा जन्मिएकी मल्लले ०४३ मा कानुन व्यवसायीको प्रमाणपत्र पाएकी थिइन्। १७ साउन ०७३ मा न्यायाधीश नियुक्त भएकी उनी एमालेको तर्फबाट विज्ञका रूपमा संविधान सभा सदस्य बनेकी थिइन्। कानुन व्यवसायीका रूपमा उनले दायर गरेका रिटमा थुप्रै नजिर बनिसकेका छन्। लैंगिक र समावेशी न्यायमा उनको दख्खल छ। १७ चैतमा निवर्तमान प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले अवकाश पाएपछि १८ चैतदेखि उनी कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारीमा छिन्।

भारत र अमेरिकाबाट उनले स्नातकोत्तर गरेकी छिन्। ड्रिंक एन्ड ड्राइभ घटनामा बुढानीलकण्ठमा एक महिलाको मृत्यु भएपछि थुनामा रहेका पृथ्वी मल्ललाई छाड्ने आदेशबाट उनी विवादित बनेकी थिइन्। वैध अनुमतिपत्रसमेत नभएका मल्लले मादक पदार्थ सेवन गरी चलाएको गाडीले ०७६ मंसिरमा ठक्कर दिँदा लीला देवकोटाको मृत्यु भएको थियो। तर, उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश बदर गरेपछि मल्ल विदेश पुगेका थिए। न्यायाधीश मल्लसमेतको इजलासले पछिल्लोपटक संवैधानिक नियुक्तिका विषयमा दिएको फैसला पनि विवादित छ। अपूरो र अस्पष्ट फैसला गरेको भन्दै न्यायवृत्तमा उक्त फैसलाको आलोचना हुने गरेको छ।

● कुमार रेग्मी

रेग्मीको राजनीतिक 'कनेक्सन' काङ्ग्रेससँग छ। उनलाई ०७६ वैशाखमा सर्वोच्च ल्याइएको थियो। झापाका रेग्मीले कानुनमा भारतको पुने र क्यानडाको युनिभर्सिटी अफ टोरन्टोबाट स्नातकोत्तर गरेका छन्। ०७४ मा वरिष्ठ अधिवक्ताको उपाधि पाएका रेग्मी न्यायाधीशमा सिफारिस हुँदासम्म पनि राजनीतिमा सक्रिय थिए। उनी काङ्ग्रेसको १३औं महाधिवेशनमा झापाबाट महाधिवेशन प्रतिनिधि थिए भने सदस्यको दाबेदार पनि थिए। त्यसअघिको महाधिवेशनमा उनी महासमिति सदस्य थिए। बालुवाटार जग्गा प्रकरणमा रेग्मीले १२ आना सरकारी जग्गा लिएको भेटिए पनि मुद्दा चलेको थिएन। पारिश्रमिकबापत आफूले उक्त जग्गा लिएको बयान रेग्मीले अख्तियारलाई दिएका थिए। रेग्मीका साथै बमकुमार श्रेष्ठको इजलासले ०७७ फागुनमा एमाले र माओवादी मिलेर बनेको नेकपा विभाजनसम्बन्धी फैसला गरेको थियो।

● हरि फुयाँल

मोरङबाट विद्यालय तह उत्तीर्ण गरेका फुयाँलले स्नातकसम्म नेपालमै अध्ययन गरेका हुन् भने भारतको बेंग्लोरका साथै बेलायतको युनिभर्सिटी अफ एस्सेक्सबाट स्नातकोत्तर गरेका हुन्। ०५० बाट कानुन व्यवसाय थालेका उनी ०७३ वैशाखदेखि १९ साउनसम्म महान्यायाधिवक्ता रहे। केपी ओली पहिलोपटक प्रधानमन्त्री बन्दा उनी सरकारका प्रमुख कानुनी सल्लाहकारका रूपमा थिए। एमालेनिकट उनलाई ०७६ वैशाखमा न्यायाधीश नियुक्त गरिएको हो।

● नहकुल सुवेदी

०२८ असारमा जन्मिएका सुवेदी ०७८ वैशाखमा डा. मनोज शर्मासँगै सर्वोच्चमा आएका हुन्। सर्वोच्चका पहिलो मुख्य रजिस्ट्रार रहिसकेका उनी उच्चको मुख्य न्यायाधीश हुँदै सर्वोच्च आएका हुन्। तर, उनको योग्यता नपुगे भन्दै दायर रिट भने खारेज भएको थियो।

● तिलप्रसाद श्रेष्ठ

श्रेष्ठ ०१८ भदौमा जन्मिएका हुन् भने ०७८ चैतमा सर्वोच्चको न्यायाधीश नियुक्त भएका थिए। न्याय सेवाको कर्मचारी हुँदै उनी उच्च र पछि सर्वोच्चमा न्यायाधीश बनेका हुन्।

तत्कालीन अर्थमन्त्री...

पृष्ठ १ बाट क्रमशः

अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ हिनामिना, हानि-नोक्सानी र दुरुपयोग गरे/गराएको पुष्टि हुन आएको' अख्तियारको आरोपपत्रमा उल्लेख छ। कार्यान्वयन सम्झौता गर्ने/गराउने र नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने/दिने कार्यमा संलग्न राजनीतिक र प्रशासनिक पदाधिकारीसहित ठेकेदारविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो।

मुद्दामा अख्तियारले पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई प्रमुख प्रतिवादी कायम गरेको छ। तत्कालीन अर्थमन्त्री हुँदा कर छुट दिनेसम्बन्धी निर्णय प्रक्रियामा उनको संलग्नता किटान गरेको छ। सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको कसुरमा उनीविरुद्ध ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो अख्तियारले दाबी गरेको छ। उनीविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम रिसवत लिए/दिएकामा १० देखि १४ वर्षसम्म कैद र उच्च पदाधिकारी मन्त्रीका रूपमा थप तीन वर्ष सजाय मागदाबी अख्तियारले गरेको छ।

अख्तियारले विशिष्ट श्रेणीका पाँच पदाधिकारीविरुद्ध पनि मुद्दा चलाएको छ। त्यसमा चार पूर्वसचिव र एक बहालवाला छन्। पूर्वमध्ये दुईजनालाई तत्कालीन अवस्थामा निर्णय प्रक्रियामा संलग्न हुँदा सचिवमै बहाल थिए भने अरू दुईजना पछि सचिव भएर अवकाश भइसकेका छन्। अर्का एकजना हाल सचिवमा बहाल छन्। तत्कालीन अर्थसचिव शंकरप्रसाद अधिकारी र पर्यटनसचिव महेश्वर न्यौपानेविरुद्ध संयुक्त रूपमा ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो र रिसवत लिए/दिएकामा १० देखि १४ वर्षसम्म कैद तथा उच्च पदाधिकारी सचिवका रूपमा थप तीन वर्ष सजाय मागदाबी अख्तियारले गरेको छ। न्यौपाने त सचिव हुँदा अख्तियारमै कार्यरत रहेका प्रशासक हुन्।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका तत्कालीन सहसचिव केवलप्रसाद भण्डारी, पर्यटन मन्त्रालयका तत्कालीन सहसचिव सुरेश आचार्य र डन्डुराज घिमिरे तथा क्यानका तत्कालीन महानिर्देशक सञ्जीव गौतम पनि मुद्दाका प्रतिवादी छन्। भण्डारी र आचार्य दुवै सचिवबाट अवकाश भएका प्रशासक हुन् भने घिमिरे हाल गण्डकी प्रदेशका प्रमुख सचिव (सचिव) छन्। भण्डारी, आचार्य, घिमिरे र गौतमविरुद्ध संयुक्त रूपमा ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो र रिसवत लिए/दिएकामा १० देखि १४ वर्षसम्म कैद तथा उच्च पदाधिकारी मन्त्रीका रूपमा थप तीन वर्ष सजाय मागदाबी अख्तियारले गरेको छ।

त्यस्तै, क्यानअन्तर्गत राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी, पर्यटन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर योगेश अर्याल, अर्थ मन्त्रालयका उपसचिव युगराज पाण्डे र शाखा अधिकृत उर्मिला भण्डारीविरुद्ध मुद्दा दायर भएको छ। उनीहरूविरुद्ध पनि ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ संयुक्त बिगो छ। रिसवतमा उनीहरूविरुद्ध १० देखि १४ वर्षसम्म कैद सजाय मागदाबी भएको छ। अधिकारी क्यानका पूर्वमहानिर्देशक हुन्। यसअघि उनीविरुद्ध अख्तियारले दायर गरेका तीन मुद्दा अदालतमा विचाराधीन भएकामा यो चौथो मुद्दा बनेको छ।

ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेड र कम्पनीका अध्यक्ष वाङ बो तथा आयोजना प्रबन्धक याङ झिगाङलाई पनि प्रतिवादी कायम गर्दै अख्तियारले ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो दाबी र मुख्य कसुरदारसरह १० देखि १४ वर्षसम्म कैद सजाय कायम गरेको छ। कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई कसुर गरेकामा मुख्य कसुरदारसरह ठेकेदार र प्रतिनिधिलाई पनि अख्तियारले प्रतिवादी बनाएको हो।

यसरी भएको थियो करमा बदमासी

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा क्यान र ठेकेदार कम्पनी चाइना सिएएमसीबिच ८ जेठ ०७१ मा खरिद सम्झौता भएको थियो। यो मूल खरिद सम्झौता रकमभित्रै कर, महसुल र अन्य शुल्क समावेश गरिएको थियो।

तर, ४ चैत ०७२ को मन्त्रिपरिषद् बैठकले विमानस्थल निर्माणका लागि चिनियाँ एक्जिम बैंकमार्फत चिनियाँ सरकारबाट नेपाल सरकारलाई प्राप्त हुने करिब १६ अर्ब ८७ करोड ६३ लाख ६५ हजार रुपैयाँ ब्याज लाग्ने र करिब पाँच अर्ब ८७ करोड २८ लाख ४५ हजार निर्ब्याजी गरी करिब २२ अर्ब ७४ करोड ९२ लाख १० हजार रुपैयाँबराबरको ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको थियो। सोहीबमोजिम सम्झौता गर्न अख्तियारी प्रदान गरेको थियो। यसैअनुसार अर्थ मन्त्रालयले ८ गते चिनियाँ एक्जिम बैंकसँग सहमति गरेको थियो। यो सम्झौता १७ जेठ ०७४ देखि सक्रिय भएको थियो। ८ माघ ०७४ मा अर्थ मन्त्रालयले मन्त्रीस्तरबाट आयोजनासम्बन्धी 'कार्यान्वयन सम्झौता' गर्ने निर्णय गऱ्यो। उक्त निर्णय तत्कालीन अर्थमन्त्री कार्कीले गरेका थिए।

त्यही निर्णयका आधारमा १३ फागुनमा अर्थ मन्त्रालय, क्यान र चिनियाँ एक्जिम बैंकबिच कार्यान्वयन सम्झौता भएको थियो। त्यसमा करलगायतका महसुल शुल्क छुट दिने प्रावधान राखियो। मूल सम्झौतामा कर, महसुललगायतका सबै शीर्षक ठेकेदार कम्पनीले नै प्रचलित कानुनबमोजिम तिर्नु/बुझाउनुपर्ने प्रावधान भएकामा उक्त सम्झौता सक्रिय भएको नौ महिनापछि १३ फागुनमा बदनियत राखी सर्तहरू संशोधन गरिएको थियो।

मूल सम्झौताको प्रावधानविपरीत हुने गरी ठेकेदारलाई कर, महसुल र अन्य शुल्कहरू छुट दिने सर्त राखी नयाँ 'कार्यान्वयन सम्झौता' गरिएको अख्तियारको ठहर छ। त्यही कार्यान्वयन सम्झौताका आधारमा सम्झौता रकमभित्रै कर, महसुल तथा अन्य शुल्कहरू समावेश गरी भुक्तानी लिने, तर भुक्तानी लिएको रकममा समावेश भएको करलगायतको महसुल राज्य कोषमा दाखिला नहुने गरी छुट गराइएको थियो।

मूल सम्झौताको प्रावधानविपरीत कार्यान्वयन सम्झौता गरेर त्यसका आधारमा पटक-पटक गरी सातौं ब्याचसम्म आयात गरेका सामग्रीहरूको 'मास्टर लिस्ट' पेस गरी ठेकेदार कम्पनी चाइना सिएएमसीलाई हालसम्म छुट दिइएको करलगायतको महसुल रकम ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ छ। ठेकेदारलाई मूल सम्झौताविपरीत दोहोरो लाभ प्रदान गरिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। राज्यकोषमा आउनुपर्ने प्रकृतिको करसमेत जोडेर हालसम्म ठेकेदार कम्पनीलाई २४ अर्ब ५८ करोड ४९ लाख ४६ हजार ७८३ रुपैयाँ भुक्तानी भइसकेको छ। छुट दिएबराबरको रकम हिनामिना भएको अख्तियारको ठहर छ। यस क्रममा विभिन्न चरणमा पदाधिकारी र कर्मचारीले निर्णय गरेको अख्तियारले औंल्याएको छ।

दुई देशबिच हुने सम्झौताबमोजिम दिइने कर छुट संसद् वा संसद्बाट प्रत्यायोजन भएको अधिकार प्रयोग गर्ने सम्बन्धित मुलुकको सरकारबाट निर्णय गरी दिइएको हुनुपर्ने सैद्धान्तिक मान्यता छ। तर, त्यसलाई नजरअन्दाज गरी अर्थ मन्त्रालयका तत्कालीन पदाधिकारी र कर्मचारीले ठेकेदार कम्पनीलाई छुट दिई लाभ लिएको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ।

महालेखादेखि लेखा समितिसम्मले औंल्याएका थिए अनियमितता

आयोजनामा कर छुटका नाममा भ्रष्टाचार भएको संवैधानिक निकाय महालेखा परीक्षक कार्यालयदेखि संसद्को सार्वजनिक लेखा समितिसमेतले औंल्याएका थिए। यसबारे महालेखाले ६०औं वार्षिक प्रतिवेदनमा उल्लेख गरेको थियो। मूल सम्झौतामा नेपालभित्र र बाहिरको भए पनि लाग्ने कर, शुल्क, महसुल भुक्तानी गर्ने दायित्व निर्माण व्यवसायीको हुने उल्लेख भएको अवस्थामा गलत उद्देश्य राखी कार्यान्वयन सम्झौता गरेर आयोजनाले भन्सार शुल्क तथा महसुल र भ्याटबापत दुई अर्ब २२ करोड ४० लाख छुट दिएको भन्दै बेरुजु औंल्याएको थियो। यो रकम असुलउपर गर्न महालेखाले भनेको थियो। संसद्को सार्वजनिक लेखा समितिले गरेको छानबिनले समेत महालेखाले औंल्याएको बेरुजुको रकमलाई अनियमितता र नीतिगत भ्रष्टाचारका रूपमा ठहर गरेको थियो। अनियमितता गर्ने मनसायबाट कर छुट दिने नयाँ कार्यान्वयन सम्झौता गरेको ठहर गर्दै यसबारे छानबिन गर्न अख्तियारलाई निर्देशन दिएको थियो।

नबिल बैंक लिमिटेड, भोजपुर शाखा, भोजपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०१/२५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरिकाले गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०२/१७ को कारोबार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारामका उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा रिकभरी शाखा, कोशी प्रदेश, ईटहरी, सुनसरी**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्मको नाम र ठेगानाको विवरण

ऋणी फर्मः प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय टक्सार, भोजपुरमा, मिति २०७२/०२/०३ मा प्रा.फ.र.नं.घ.उ.वि. ९८३/०७१/०७२ अन्तर्गत दर्ता भएका **अनु निर्माण सेवा** ।

ठेगानाः भोजपुर जिल्ला भोजपुर न.पा वडा नं. ०८, भोजपुर ।

ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः

पहल मान विष्टको नाती, टिका बहादुर विष्टको छोरा, भोजपु

वास्तविक सुकुमवासीलाई रोजगारी दिने सरकारको योजना

वास्तविक सुकुमवासीलाई रोजगारी दिने विषय आगामी बजेटमै राख्ने गृहकार्य



● **पीताम्बर घिमिरे**, प्रवक्ता, श्रम मन्त्रालय

वास्तविक सुकुमवासीलाई रोजगारीसँग जोड्नुअघि उपयुक्त सिप दिलाउने योजना छ। सिप दिनका लागि सरकारमातहतकै प्रशिक्षण केन्द्रहरू छन्। रोजगारीका लागि छनोट भएका जनशक्तिको दक्षता हेरेर कस्तो सिप दिने भन्ने निर्धारण हुन्छ। त्यसपछि, सोही सिपसँग सुहाउँदो रोजगारी सरकारी कार्यालयमै वा निजी क्षेत्रसँग समन्वय गरेर कुनै उद्योग-कल-कारखानामा जागिर सुनिश्चित गरिदिने योजना छ।

अजित अधिकारी/नयाँ पत्रिका

सरकारले सार्वजनिक जग्गाको अतिक्रमण हटाउँदा विस्थापित भएका सुकुमवासी परिवारलाई रोजगारी दिने योजना अघि सारेको छ। काठमाडौं उपत्यकाका नदी, खोलाका सुकुमवासी बस्ती हटाएर सरकारले करिब आठ हजार सुकुमवासी होल्डिङ सेन्टरमा राखेको छ। ती परिवारबाट एकजना सदस्यका दरले रोजगारी दिलाउने योजना अघि बढिरहेको श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले बताए। उनका अनुसार आश्रय (होल्डिङ सेन्टर) स्थलमा राखिएकामध्ये वास्तविक सुकुमवासी पहिचान भएपछि सरकारले रोजगारीसँग जोड्नेछ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिको बिहीबारको बैठकमा मन्त्री यादवले सो कुराको जानकारी गराएका हुन्। वास्तविक सुकुमवासीपीडितलाई सरकारले रोजगारीसँग जोड्ने कार्यक्रम अघि बढाउनु सराहनीय काम रहेको रास्वपा सांसद रञ्जु दर्शनाले बताइन्।

श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेका अनुसार आगामी बजेटमै वास्तविक सुकुमवासीलाई रोजगारी दिने विषय राख्ने गरी गृहकार्य भइरहेको छ। 'सुकुमवासीलाई रोजगारी दिने कुरालाई मन्त्रालयका तर्फबाट प्राथमिकतामा राखेका छौं,' उनले भने, 'अहिले वास्तविक सुकुमवासी के कति छन् भनेर तथ्यांक संकलन गर्ने काम भइरहेको छ।' प्रत्येक सुकुमवासी परिवारका एकजना सदस्यलाई सरकारकै पहिलो रोजगारी दिलाउने योजना अघि बढिरहेको उनले बताए।

सुकुमवासीको पहिचानसहित तथ्यांक संकलन भएपछि उपयुक्त सिप दिलाउने योजना रहेको उनले बताए। 'वास्तविक सुकुमवासीलाई रोजगारीसँग जोड्नुअघि उपयुक्त सिप दिलाउने योजना छ। सिप दिनका लागि सरकारमातहतकै प्रशिक्षण केन्द्रहरू छन्,' उनले भने, 'रोजगारीका लागि छनोट भएका जनशक्तिको दक्षता हेरेर कस्तो सिप दिने भन्ने निर्धारण हुन्छ। त्यसपछि, सोही सिपसँग सुहाउँदो रोजगारी सरकारी कार्यालयमै वा निजी क्षेत्रसँग समन्वय गरेर कुनै उद्योग-कल-कारखानामा जागिर सुनिश्चित गरिदिने योजना छ।'

प्रवक्ता घिमिरेले सुकुमवासीलाई रोजगारी दिने विषयमा अहिले प्रारम्भिक बहस मात्रै भइरहेकाले सबै विषय टुंगोमा पुगिनसकेको पनि बताए। बस्तीबाट विस्थापित भएका वास्तविक सुकुमवासीका प्रत्येक परिवारका कम्तीमा एकजनालाई रोजगारीसँग जोड्ने योजना रहेको मन्त्रालयले जनाएको छ।

सरकारले काठमाडौं उपत्यकाको खोलाकिनारमा अव्यवस्थित बसोबास भइरहेका बस्ती खाली गराउने अभियान सञ्चालन गरिरहेको छ। यसक्रममा वास्तविक सुकुमासीको स्क्रिनिङ गरी विभिन्न आश्रयस्थलमा राखेको छ। तर, सुकुमवासी बस्ती खाली गराउने अभियानविरुद्ध देशका विभिन्न ठाउँमा प्रदर्शन सुरु भएका छन्। सरकारले भने अव्यवस्थित बसोबासबाट झिकेर दिगो व्यवस्थापन गर्न चाहिरहेको प्रतिक्रिया दिएको छ।

■ जेन-जीलाई रोजगारी दिनु आवश्यक : श्रममन्त्री



समिति बैठकमा मन्त्री रामजी यादवले जेन-जी समूहलाई रोजगारी दिनु आवश्यक रहेको बताए। उनले जेन-जी आन्दोलनपछि आएको राजनीतिक परिवर्तनले बेरोजगारीको मूल समस्यालाई सम्बोधन गर्ने वेला आएको बताए। 'जेन-जीलाई रोजगारी दिन सकिएको छैन। उनीहरूलाई कसरी रोजगारीमा समेट्ने भन्नेबारेमा बहस गरौं,' उनले भने, 'रोजगारी खोज्ने जेन-जीहरू वास्तवमै पीडित छन्। हामीले पनि आश्वासन मात्र दिन सकेका छौं।' उनले जेन-जी आन्दोलनमा घाइते भएकाहरूलाई सरकारको प्रशिक्षण केन्द्रहरूमा तालिम दिन लागिएको बताए। 'घाइते जेन-जीसहित अपांगता भएका समूहलाई सरकारले पहिलोपटक सिपयुक्त तालिम दिने कार्यक्रममा समेट्न लागेका छ,' उनले भने, 'यसबाट रोजगारी सिर्जनामा केही मद्दत मिल्ने विश्वास छ।'

भूमिहीन सुकुमवासीले बुटवलमा गरे प्रदर्शन



बुटवल/ सरकारले आवश्यक तयारी र छलफलविना भूमिहीन सुकुमवासी हटाएको भन्दै बुटवलमा प्रदर्शन भएको छ। नेपाल भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबास संघर्ष समिति रुपन्देहीको आह्वानमा बिहीबार प्रदर्शन भएको हो। बुटवलको राजमार्ग चौराहाबाट मिलन चोक-अस्पताल रोड हुँदै ट्राफिक चोकसम्म प्रदर्शन गरिएको थियो। सरकारले आवश्यक तयारी र छलफलविना भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई उठीवास लगाउने गरी डोजर आतंक मच्चाएको भन्दै गरिएको प्रदर्शनमा सरकार र प्रधानमन्त्री बालेन्द्र शाहविरुद्ध नाराबाजी गरिएको थियो। समितिका संयोजक खगेन्द्र पौडेलले विगतमा नापजाँच भएका जग्गाको तत्काल लालपुर्जा उपलब्ध गराउनुपर्ने माग राख्दै आएको र डोजर आंतक बन्द गर्न माग गर्दै आन्दोलन गरिएको बताए। आन्दोलनकारीले 'हाम्रो कर वैध, हाम्रो मत वैध, हामी कसरी अवैध बालेन सरकार', 'डोजर आंतक बन्द गर', 'जनताको अधिकार कायम गर', 'हत्या आंतक बन्द गर', 'विस्थापित हैन लालपुर्जा दे'जस्ता नारा लेखिएका प्लेकार्ड तथा ब्यानर प्रदर्शन गरेका थिए। केही दिनअघि बुटवलको वडा नम्बर ४ अदालतअगाडिका नौवटा घरटहरा डोजर लगाएर हटाइएको थियो।

स्वास्थ्यमा विशेषज्ञ डाक्टरसहितका ९७७ दरबन्दी स्वीकृत

नयाँ पत्रिका

अर्थ मन्त्रालयले स्वास्थ्य संस्थामा विशेषज्ञ डाक्टरसहितका ९७७ जना नयाँ स्थायी प्राविधिक दरबन्दी थप्ने प्रस्ताव स्वीकृत गरेको छ। विद्यमान जनशक्तिका कारण स्वास्थ्य संस्था सञ्चालनमा समस्या भएको भन्दै स्वास्थ्य मन्त्रालयले दरबन्दी बढाउन माग गर्दै गरेको सिफारिस अर्थले स्वीकृत गरेको हो। मन्त्रिपरिषद्बाट निर्णय भएपछि कार्यान्वयनमा आउनेछ। यो जनशक्तिले स्वास्थ्य सेवा प्रवाहमा सहज हुने अपेक्षा गरिएको छ।

स्वीकृत दरबन्दीभित्र झन्डै पाँच सय नर्सिङ, २४२ विशेषज्ञ तथा कन्सल्टेन्ट चिकित्सक, १८२ मेडिकल अधिकृत, ३९ जना मिडवाइफरीलगायत छन्।

हाल नेपालमा ०४८ मा निर्धारण गरिएको दरबन्दी कायम छ। त्यसवेला नेपालको जनसंख्या एक करोड ८१ लाखहाराहारी थियो। अहिले जनसंख्या झन्डै तीन करोड पुगेको छ। तर, स्वास्थ्यमा ०४८ कै दरबन्दी कायम रहँदा हालको अवस्थामा स्वास्थ्य सेवा प्रवाहमा सकस हुने गरेको छ। कतिपय अस्पतालको संरचना व्यवस्थित बनेपछि जनशक्ति अभावका कारण सेवा प्रवाह व्यवस्थित हुन सकेको छैन। वर्तमान जनसंख्याकै आधारमा स्वास्थ्य जनशक्ति हुनुपर्ने भन्दै यस क्षेत्रका विज्ञहरूले आवाज उठाउँदै आएका थिए। हाल अधिकांश अस्पतालमा विशेषज्ञ चिकित्सक, एमबिबिएस, नर्स, ल्याब टेक्निसियन, जनस्वास्थ्यविद् र अन्य स्वास्थ्यकर्मीको अभाव छ। नयाँ दरबन्दीले अभाव भएका अस्पतालमा ठुलो राहत मिल्ने अपेक्षा गरिएको छ। अर्थ मन्त्रालयले स्वीकृत गरेको दरबन्दीभित्र स्टाफ नर्ससहितका झन्डै पाँच सय नर्सिङ जनशक्ति छन्। २४२ विशेषज्ञ तथा कन्सल्टेन्ट चिकित्सक, १८२ मेडिकल अधिकृत, ३९ जना मिडवाइफरी, अन्य जनस्वास्थ्यविद्हरू छन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८३/०१/२५

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्सामा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति वि.स. २०८०/०४/१० गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८०/१०/२९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति वि.सं. २०८१/०१/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना र मिति वि.सं. २०८१/०३/०९ गतेको नागरीक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्न तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्सामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, सिटिजन्स चालु पुंजी कर्जा, सिटिजन्स अल्पकालिन कर्जा
ऋणीको नाम : जय जगदम्बा सप्लायर्स
रजिष्टर्ड ठेगाना : बिरगंज महा.न.पा वडा नं १५, पर्सा
रजिष्ट्रेसन नं. : ३९७/०७१/७२ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य ,आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्सा
पान नं. : ६०२५९३०३४

साझेदारहरुको नाम र ठेगाना

१. नाम : रामबाबु प्रसाद गुप्ता	२. नाम : उपेन्द्र कुमार शर्मा
बाबु : नन्दलाल साह कानु	बाबु : गीजदेव तिवारी
बाजे : राम प्रसाद साह कानु	बाजे : देवधारी तिवारी
ठेगाना : गंजभवानीपुर-४, बारा	ठेगाना : भिस्वा-३, पर्सा
हालको ठेगाना : बिरगंज महा न.पा.-१२, पर्सा	हालको ठेगाना : बिरगंज महा न.पा.-१२, पर्सा
ना.प्र.नं. : ३३२०४५/३०७२/३४१	ना.प्र.नं. : ६२५५०५४८
जारी मिति : २०५०/०५/२३	जारी मिति : २०३६/०४/२८
जि.प्र.का. : बारा	जि.प्र.का. : पर्सा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : नन्दलाल साह कानु	२. नाम : चन्दन प्र.गुप्ता
बाबु : राम प्रसाद साह कानु	बाबु : नन्दलाल साह कानु
बाजे : ठागा साह कानु	बाजे : राम प्रसाद साह कानु
ठेगाना : गंजभवानीपुर -०४, बारा	ठेगाना : गंजभवानीपुर -०४, बारा
हालको ठेगाना : महागढीमाई न.पा.-१०, बारा	हालको ठेगाना : बिरगंज महा न.पा.-१२, पसा
ना.प्र.नं. : ८०४/१३०८	ना.प्र.नं. : ३३३०३३/६९२
जारी मिति : २०४३/०८/३०	जारी मिति : २०६३/१०/१४
जि.प्र.का. : बारा	जि.प्र.का. : बारा
३. नाम : राधिका देवी गुप्ता	४. नाम : बच्ची देवी शर्मा
बाबु : जनक साह कानु	बाबु : धर्म देव दुबे
ससुरा : नन्दलाल साह कानु	ससुरा : गीजदेव तिवारी
पति : रामबाबु प्रसाद गुप्ता	पति : उपेन्द्र कुमार शर्मा
ठेगाना : गंजभवानीपुर -०४, बारा	ठेगाना : भिस्वा गा.वि.स.-३, पर्सा
हालको ठेगाना : बीरगंज म.न.पा.-१२, पर्सा	हालको ठेगाना : महागढीमाई न.पा-११, पर्सा
ना.प्र.नं. : ३३१०३३/२१७७४	ना.प्र.नं. : ५१६६
जारी मिति : २०६८/०८/१३	जारी मिति : २०६१/०५/१५
जि.प्र.का. : बारा	जि.प्र.का. : पर्सा
५. नाम : सशी कुमार गुप्ता	६. नाम : धनमन्ती कनुईन
बाबु : रामबाबु प्रसाद गुप्ता	बाबु : विघु साह कानु
बाजे : नन्दलाल साह कानु	ससुरा : राम प्रसाद साह कानु
ठेगाना : महागढीमाई - ३, बारा	पति : नन्दलाल साह कानु
हालको ठेगाना : महागढीमाई न.पा -१०, बारा	ठेगाना : गंजभवानीपुर -०४, बारा
ना.प्र.नं. : ३३-०१-७४-००६०३	हालको ठेगाना : महागढीमाई न.पा-१०, बारा
जारी मिति : २०७४/०१/२४, प्रतिलिपि २०७६/०७/०४	ना.प्र.नं. : ८०५/४२२११३१०
जि.प्र.का. : बारा	जारी मिति : २०३५/०२/०६
	जि.प्र.का. : बारा

७.नाम : ललन कुमार गुप्ता
बाबु : नन्दलाल साह कानु
बाजे : राम प्रसाद साह कानु
ठेगाना : गंजभवानीपुर -०४, बारा
हालको ठेगाना : महागढीमाई न.पा-१०, बारा
ना.प्र.नं. : १७३७/२३२१
जारी मिति : २०६०/०८/०२
जि.प्र.का. : बारा

धितो राखिएको सम्पत्तिको विवरण:

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	बारा	गन्जभवानीपुर	१	४१९	०-१-१५$^{१/२}$ (वि.क.धु)	नन्दलाल साह कानु	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत ।
२.	बारा	गन्जभवानीपुर	५	३१९	०-०-१० (वि.क.धु.)	नन्दलाल साह कानु	
३.	पर्सा	वीरगंज	१५/११३-०३५१-०९	६५३	९८.४१ (ब.मि.)	राधिका देवी गुप्ता	
४.	पर्सा	वीरगंज	१६/११३-०३११-०८	६५५	१५९.८४ (ब.मि.)	उपेन्द्र कुमार शर्मा	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय वीरगंज, पर्सामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८३/०२/०१, शुक्रबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्सा।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

संक्षेप

शिक्षक भर्नाको विषयलाई लिएर प्रधानाध्यापकमाथि दुर्व्यवहार

बैतडी/ शिक्षक भर्नाको विषयलाई लिएर शिवनाथ- ४, पीपलकोट माविका प्रधानाध्यापकमाथि मोसो दलेर दुर्व्यवहार गरिएको छ। केही दिनअघि शिक्षक भर्नाको विषयमा विवाद भएको र त्यही विषयलाई लिएर बुधबार दिउँसो प्रधानाध्यापक दामोदर ओझालाई दुर्व्यवहार गरेको जानकारी आएको शिवनाथ गाउँपालिका अध्यक्ष कर्णसिंह साउदले बताए। विद्यालयमा महिला राहत शिक्षक भर्ना गर्ने क्रममा स्थानीयलाई पास गराइने आश्वासन दिएको र उक्त व्यक्ति शिक्षकको प्रथमपत्रमै अनुत्तीर्ण भएको जानकारी पाएको उनले बताए। त्यसपछि सोही समूहले शिक्षकमाथि दुर्व्यवहार गरेको थाहा पाए पनि विस्तृत बुझ्दै गरेको उनको भनाइ छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बलदेव बडूले दुर्व्यवहार गरिएका शिक्षकले प्रहरीलाई राति अबेरसम्म कुनै सूचना नदिएको बताए।

लुटेराको प्रतिकार गर्ने महिला सम्मानित

काठमाडौं/ प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नैना एन्ड इशान ज्वेलर्समा लुटपाट गर्न आएका व्यक्तिहरूविरुद्ध बहादुरीपूर्वक प्रतिकार गरेको भन्दै ज्वेलर्समा कार्यरत सञ्जिता शाक्यलाई सम्मान गरेका छन्। नेपाल प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित विशेष कार्यक्रमबिच कार्कीले उनलाई कदरपत्र प्रदान गरी सम्मान गरेका हुन्। काठमाडौं महानगरपालिका- २४, तुछेनानी गल्लीस्थित नैना एन्ड इशान ज्वेलर्समा गत १७ वैशाखमा दुईजना व्यक्तिहरूले पेस्तोल देखाई लुटपाट गर्ने उद्देश्यका साथ आतंक सिर्जना गर्दा आफ्नो ज्यानको पर्वाह नगरी प्रदर्शन गरेको हिम्मत, आत्मविश्वास तथा निर्वाह गरेको नागरिक दायित्वको उच्च कदर गर्दै उनलाई सम्मान गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

नेकपामा करिब चार दर्जन पार्टी-समूहको संगठन समायोजन अझै हुन सकेन

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीले आगामी मंसिर दोस्रो साता एकताको महाधिवेशन गर्ने निर्णय गरेको छ। तर, करिब चार दर्जन पार्टी-समूहको संगठन समायोजन अझै हुन सकेको छैन। समायोजनको काम कार्यतालिकाअनुसार अघि बढ्ने नेकपाले जनाएको छ। प्रवक्ता प्रकाश ज्वाला समायोजनासम्बन्धी काम अब तीव्र गतिमा अगाडि बढ्ने बताउँछन्। 'जेठ मसान्तभित्र समायोजन सक्ने निर्णय गरेका छौं। तोकिएको समयमा सबै काम सक्ने गरी तीव्र गतिमा तयारी भइरहेको छ,' उनले भने।

मुख्यगरी तत्कालीन माओवादी र एकीकृत समाजवादीका सबै जिल्ला र पालिकामा कमिटी छन्। त्यसका साथै जनसंगठनका संयन्त्र पनि जिल्ला तहसम्म छन्। साबिक माओवादीबाट इन्चार्ज भए साबिक समाजवादीबाट संयोजक बनाउने गरी गृहकार्य भइरहेको छ। साबिक समाजवादीबाट इन्चार्ज बने साबिक माओवादीबाट संयोजक बन्नेछन्। पार्टी तथा जनवर्गीय, मोर्चा संगठनहरूको एकीकरण तथा समायोजनअन्तर्गत केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मको संगठनात्मक समायोजन प्रक्रिया आगामी जेठ मसान्तसम्ममा सम्पन्न गर्ने नेकपाको निर्णय छ।

संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले नेताहरूको कार्यविभाजनसम्बन्धी अन्तिम गृहकार्य गरिरहेका छन्। कार्यविभाजन टुंगिएपछि सर्कुल जारी हुने र समायोजनको बाँकी काम अगाडि बढाउने नेकपाको तयारी छ। नेकपाले प्रवक्ताको जिम्मेवारी प्रकाश ज्वालालाई दिएको छ भने प्रदेश इन्चार्ज र संयोजक पनि टुंगो लगाइसकेको छ।

कोशी प्रदेश इन्चार्जमा राजेन्द्र राई, मधेश इन्चार्जमा महिन्द्र राय यादव, बागमती इन्चार्जमा डा. गंगालाल तुलाधर, गण्डकी इन्चार्जमा श्रीनाथ बराल, लुम्बिनी इन्चार्जमा चक्रपाणि खनाल, कर्णाली इन्चार्जमा चन्द्रबहादुर शाही, सुदूरपश्चिम प्रदेशमा डा. भीम रावल, उपत्यका विशेष प्रदेश इन्चार्जमा हितमान शाक्य र सम्पर्क समन्वय प्रदेश इन्चार्जमा यशोदा सुवेदी गुरुङले जिम्मेवारी पाएका छन्। यस्तै, कोशी प्रदेश संयोजकमा हर्क नेम्वाङ, मधेश संयोजकमा राजु खड्का, बागमती संयोजकमा सरल सहयात्री, गण्डकी संयोजकमा गायत्री गुरुङ, लुम्बिनी संयोजकमा अब्दुल हुसेन खान, कर्णाली संयोजकमा विमला केसी, सुदूरपश्चिम संयोजकमा हरिराम चौधरी, उपत्यका विशेष प्रदेश संयोजकमा विष्णु लामिछाने र सम्पर्क समन्वय प्रदेश संयोजकमा तारानाथ दाहाल छन्।

नेकपाले वडादेखि केन्द्रसम्मै युवाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने भएको छ। केन्द्रीय कार्यसंयोजक समिति बैठकको सबै कमिटीमा युवाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित ज्वालाले सबै कमिटी निर्वाचित र समावेशी हुने बताए। 'पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटी निर्वाचित हुनेछन् र समानुपातिक समावेशी मान्यताअनुसार कमिटी निर्माण हुनेछन्। निर्वाचित कमिटीहरूमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाहरूको समावेशिता रहनेछ। जसमा युवा र नवयुवाहरूको प्रतिनिधित्व ५० प्रतिशतसम्म पुऱ्याइनेछ,' उनले भने।

बैठकले पार्टीका विभिन्न तहका अधिवेशन तथा एकता महाधिवेशनको कार्यतालिका तय गरेको हो। बैठकले आगामी असार र साउन मसान्तसम्म पार्टी सदस्यता नवीकरण तथा नयाँ सदस्यता विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। १५ भदौसम्म वडा तह, १६ भदौदेखि भदौ मसान्तसम्म पालिका तहका र असोज मसान्तसम्म जिल्लास्तरका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका पारित गरेको छ।

सम्झौताअनुसार पुल निर्माण नगर्ने ठेकेदारलाई १८ करोड जरिवाना

बाजुरामा **गगन अयडी**

साँफे-मार्तडी राजमार्गअन्तर्गत बाजुराको बुढीगंगा नगरपालिका- ६ मा पर्ने गुइगाड खोलाको पुल १५ वर्षसम्म अलपत्र पारेको भन्दै ठेकेदार कम्पनीलाई झन्डै १८ करोड जरिवाना गरिएको छ। ठेक्का सम्झौताअनुसार पुल निर्माण नगरेको भन्दै सडक डिभिजन साँफेबगर, अछामले राजेन्द्र थेगिम जेभी कम्पनीलाई १७ करोड ९९ लाख ३२ हजार ४४ रुपैयाँ जरिवाना गरेको हो। ठेकेदार कम्पनीलाई पटक-पटक छिटो निर्माणका लागि पत्राचार गर्दा पनि कुनै वास्ता नगरेपछि जरिवाना गरेको सडक डिभिजन कार्यालय साँफेले जानकारी दिएको छ।

०६८ असारमा सडक डिभिजन कार्यालय साँफेबगरसँग राजेन्द्र थेगिम जेभीले ३० साउन ०७० भित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो। पुल निर्माणका लागि नौ करोडको लागत थियो। कम्पनीले पाँच करोड ९६ लाख ११२ रुपैयाँमा ठेक्का सम्झौता गरी कामको जिम्मा लिएको थियो। निर्माण कम्पनीले सडक डिभिजन कार्यालयलाई ०७५ मा काम सम्पन्न गरेको जानकारी दिएको थियो। सडक डिभिजन साँफेले भने पक्की ट्रस ब्रिजको चेकजाँच गर्दा कमसल सामान र ट्रस



ब्रिजमा लगाउनुपर्ने सामग्री स्टिमेटअनुसार जडान नभएको भन्दै निर्माण कम्पनीलाई पुनर्निर्माणका लागि पत्राचार गरेको सडक डिभिजन कार्यालय, अछामका कार्यालय प्रमुख बलिराम मल्लले बताए।

सात वर्षअघि निर्माण भएको ६० मिटर लम्बाइको पुलले ४५ टन लोड भार धान्नुपर्ने थियो। तर, सडक डिभिजन कार्यालय र पुल महाशाखाबाट आएको इन्जिनियरको टोलीले लोड टेस्ट गर्दा ३० टन लोडसमेत धान्न नसकेर पुल लच्किएर चर्किएको सडक डिभिजन कार्यालयले जनाएको छ। ठेकेदार कम्पनीले स्टिमेटअनुसार पुल निर्माण नगरेकाले पुल पास नभएको मल्लले बताए।

पुलको लोड चेकजाँच गर्दा धेरै लोड धान्न नसक्ने भएपछि पुलबाट कुनै दुर्घटना नहो

निजामतीमा अलग वातावरण सेवाको खाँचो

बढ्दो वातावरणीय संकट र त्यसबाट सिर्जित जलवायु परिवर्तनका दुष्प्रभावबाट जोगाउन निजामती प्रशासनमा छुट्टै वातावरण सेवा गठन गर्नुपर्छ



● चन्द्रमणि अर्याल

अग्रलेख



वातावरण विभागलाई वनसेवाअन्तर्गत राखिरहने हो भने विभिन्न आयोजनामा गरिने वातावरणीय अध्ययन बालुवामा पानी हालेजस्तो मात्रै हुनेछ। यस्ता अध्ययनमा राज्य र निजी क्षेत्र दुवैका अर्बौं लगानी भइरहन्छ, तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा दिगो विकासका लक्ष्य भने हासिल हुनेछैनन्।

नयाँ सरकारले निजामती सेवाको गठन, सञ्चालन र सेवा सर्तका सम्बन्धमा व्यवस्था गर्न कानुन बनाउने उद्देश्यले विधेयक सार्वजनिक गरी सुझावका लागि अपिल गरेको छ। निजामती सेवा ऐन, २०४९ मा भएको संघीय निजामती सेवाअन्तर्गतका विभिन्न सेवामध्ये विविध सेवाअन्तर्गत रहेका सूचना प्रविधिसँग सम्बन्धित निजामती कर्मचारीलाई समेटेर नेपाल सूचना प्रविधि सेवा गठन गर्ने प्रस्ताव गरिएको रहेछ। सरकारले सूचना प्रविधिमा आधारित रहेर सेवा विस्तार गर्ने जमर्को गरिरहेको सन्दर्भमा यो निर्णय निकै सराहनीय देखिन्छ। सँगै बढ्दो वातावरणीय संकट र त्यसबाट सिर्जित जलवायु परिवर्तनका दुष्प्रभावबाट जोगाउन छुट्टै वातावरण सेवा गठन गर्नुपर्ने भए पनि सो कुरा विधेयकको मस्यौदामा समेटिन सकेको देखिन्न। त्यसैले, विधेयकमा परिमार्जन गरी संसद्मा पेस गरेर कानुन बन्नुअघि नै वातावरण सेवा पनि थप गरी बुझाउनुपर्ने देखिन्छ।

■ के छ संवैधानिक व्यवस्था ?

नेपालको संविधान २०७२ भाग ३ मा मौलिक हकहरूको व्यवस्था गरिएको छ। सोही भागको धारा ३० मा नागरिकलाई स्वच्छ वातावरणको हकको व्यवस्था गरेको छ। जसअनुसार उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरिएछ। उपधारा २ मा 'वातावरण प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।' भन्ने प्रस्ट व्यवस्था गरिएको छ। त्यसैगरी, उपधारा ३ मा 'राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबिच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिनेछैन।' भनी प्रस्ट उल्लेख गरिएको छ।

यसका साथै भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा दायित्वसम्बन्धी व्यवस्था गरिएको छ। यस भागको धारा ४९ मा यस भागमा उल्लिखित निर्देशक सिद्धान्त, नीति तथा दायित्व राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा रहनेछन् र राज्यले तिनको कार्यान्वयन गर्न आवश्यकताअनुसार स्रोत परिचालन गर्ने-गराउनेछ भनी उल्लेख गरिएको छ। धारा ५० मा राज्यका निर्देशक सिद्धान्तको उल्लेख गरिएको छ। सो धाराको उपधारा २ मा विविधताको सम्मान र समानतासम्बन्धी व्यवस्थाबारे उल्लेख गरिएको छ भने उपधारा ३ मा अन्य प्रावधानसँगै दिगो आर्थिक विकास गर्ने विषयलाई आर्थिक उद्देश्यका रूपमा उल्लेख गरिएको छ।

यसका साथै धारा ५१ मा राज्यका नीतिसम्बन्धी व्यवस्था छ। धारा ५१ (छ) मा प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति छ। यसमा पनि बुँदा ७ मा 'प्रकृति, वातावरण वा जैविक विविधतामाथिको नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल गर्न वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने' भनी उल्लेख गरिएको छ। साथै बुँदा ८ मा 'वातावरण प्रदूषण गर्नेले सोबापत दायित्व व्यहोनुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सम्मतिजस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने' भनी उल्लेख छ।

भाग ४ मा लेखिएका कुरा कार्यान्वयन भए-नभएको विषयमा अदालतमा प्रश्न उठाउन नपाउने व्यवस्था गरिएको भए पनि मौलिक हकका सम्बन्धमा त राज्यले उपलब्ध गराउनैपर्ने बाध्यकारी व्यवस्था रहेको कुरा नकार्न सकिन्न।

■ संविधान कार्यान्वयन र वातावरण

संविधानमा भएको वातावरणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न वातावरण संरक्षण ऐन, २०७६ जारी भएको छ। जसमा विकास निर्माणका क्रममा वातावरणमा प्रभाव पार्न सक्ने नकारात्मक असर निर्मूल गर्न वा न्यूनीकरणका उपाय अवलम्बन गरी विकास र वातावरणबिच सामञ्जस्य स्थापना गर्न वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गरेर मूल्यांकन तथा कार्यान्वयन गर्नैपर्ने बाध्यकारी व्यवस्था गरेको छ, जसका बारेमा पंक्तिकारले यसै दैनिकमा प्रकाशित अघिल्ला आलेखमा चर्चा गरिसकेको छ। तर, अहिले पनि वातावरणीय अध्ययन प्रतिवेदनको मूल्यांकन र कार्यान्वयनमा वातावरण विज्ञानका प्राविधिकको न्यून सहभागिता रहेको छ। त्यसभन्दा पनि ठुलो समस्या वातावरणीय अध्ययनमा प्रस्ताव गरिएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायको कार्यान्वयनका सम्बन्धमा आवश्यक रूपमा अनुगमन र मूल्यांकन हुन सकेको छैन। यसको प्रमुख कारण हो, वातावरणीय अनुगमन र मूल्यांकनको जिम्मेवारी पाएका विभिन्न मन्त्रालयका साथै वातावरण विभागमा आवश्यक विज्ञ जनशक्ति नहुनु। एउटा वातावरणीय अध्ययनमा लाखौं रुपैयाँ खर्च हुन्छ। यस हिसाबले राज्य र निजी क्षेत्रले अर्बौं रुपैयाँ वातावरणीय अध्ययनमा खर्च गर्दै आएका छन्। तर, विकासका कारण वातावरणमा परेको क्षति न्यूनीकरणका उपाय भने खासै कार्यान्वयन नै भएका छैनन्। हाम्रो बिग्रँदै गएको वातावरण, सुक्दै गएका ताल, पग्लँदै गएका हिमाल, हिमनदी यसका सूचक हुन्।

> विकास निर्माणका कार्यलाई दिगो बनाई आममानिसको जीवनमा सकारात्मक प्रभाव पार्न वातावरणीय मुद्दा राज्यको प्राथमिकतामा पर्न अपरिहार्य छ। यी सबैका लागि संघीय निजामती ऐन तयार पार्दै गर्दा त्यसमा वातावरण सेवा छुट्टै रहनु अनिवार्य छ।

लाखौं खर्चेर रोग पत्ता लगाइसकेपछि त्यसको उपचार नगर्नु र वातावरणीय प्रभावबारे गहिरो अध्ययन गरी प्रतिवेदन तयार गरिसकेपछि त्यसको कार्यान्वयन नगर्नु एकै भएन र ? आखिर प्रतिवेदन कार्यान्वयन र अनुगमन नगर्ने हो भने लाखौं खर्चेर अध्ययन गर्नुको के नै अर्थ हुन्छ र ?

■ किन चाहियो छुट्टै वातावरण सेवा ?

वातावरण निरीक्षकलाई सुरुमा नियुक्त गर्दा विविध सेवाअन्तर्गत नियुक्ति दिइएको थियो, पछि वन सेवाअन्तर्गत राखियो। विविध सेवामा राख्दा वातावरण निरीक्षकका रूपमा नियुक्ति पाएकाहरूलाई बढुवा हुने अवसर नै भएन भनेर पछि वन सेवामा राखेर बढुवा गराउने अवसर पनि प्रदान गर्न खोजियो। तर, अहिलेसम्म माथिल्लो दरबन्दीमा विज्ञापन नै नखुलेको हुनाले बढुवाको अवसर आउँछ या आउँदैन यसै भन्न सकिने अवस्था छैन। बढुवाको पाटो छाड्ने हो भने पनि वन तथा वातावरण मन्त्रालयका विभागमध्ये सबैभन्दा हेय मानिएको विभागका रूपमा वातावरण विभागलाई लिने गरिन्छ भनी वातावरण विभागसम्बद्ध कर्मचारी साथीभाइले सुनाउने गर्छन्। अधिकारका हिसाबले हेर्दा पनि ठुलो रुखको छहारीमा हुर्कन संघर्ष गरेको बिरुवाजस्तो भएर टाक्सिएको छ, वातावरण विभाग। वातावरणीय अध्ययन प्रतिवेदन भनेकै रुख कटानका लागि अनुमति पाउने कडी मात्रै बन्न पुग्नु यसैको ज्वलन्त उदाहरण हो।

वातावरण विभागलाई वन सेवाअन्तर्गत राखिरहने हो भने विभिन्न आयोजनामा गरिने वातावरणीय अध्ययन बालुवामा पानी हालेजस्तो मात्रै हुनेछ। यस्ता अध्ययनमा राज्य र निजी क्षेत्र दुवैको अर्बौं लगानी भइरहन्छ, तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा दिगो विकासका लक्ष्य भने हासिल हुनेछैनन्। त्यस्तो नहोस् भन्नका लागि वातावरण सेवालाई निजामती सेवाभित्र छुट्टै सेवाका रूपमा स्थापित गरिनुपर्छ। प्रत्येक मन्त्रालय तथा वातावरण विभागमा वातावरणीय प्रतिवेदनको अध्ययन र मूल्यांकन तथा वातावरणीय अध्ययनअनुरूप काम-कारबाही भए-नभएको अनुगमनका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिनुपर्छ। यसका साथै यस्तो सेवालाई आराम गर्नका लागि आउने होइन, साँच्चै वातावरण बुझेका व्यक्तिले नेतृत्व गर्ने अवसर प्रदान गर्नुपर्छ।

■ अन्त्यमा

संविधानमा व्यवस्था भएको स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको प्रत्याभूति गर्नु राज्यको दायित्व हो। यसका लागि हालसम्म भएका विकास निर्माणका कामसँग सम्बद्ध वातावरणीय प्रभाव तथा नकारात्मक असर न्यूनीकरणका लागि अवलम्बन गरिएका प्रयासको प्रभावकारिता मूल्यांकन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्नु जरुरी छ। मुख्यतः हामीले गरेका विकास निर्माणका कार्यलाई दिगो बनाई आममानिसको जीवनमा सकारात्मक प्रभाव पार्न वातावरणीय मुद्दा राज्यको प्राथमिकतामा पर्न अपरिहार्य छ। यी सबैका लागि संघीय निजामती ऐन तयार पार्दै गर्दा त्यसमा वातावरण सेवा छुट्टै रहनु अनिवार्य छ।

(अर्याल त्रिभुवन विश्वविद्यालयअन्तर्गत पद्मकन्या क्याम्पस, वातावरण विज्ञानका उपप्राध्यापक हुन्)

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



प्रदेशका सरकारहरू किन अस्थिर देखिएका होलान् ?

हाम्रा राजनीतिक दलहरूले बदलिँदो परिस्थितिअनुसार आफूलाई ढाल्न सकेनन्। उनीहरूले सच्चिने कुनै छाँट देखाएनन्। जेनजी आन्दोलनको रापतापमा कतै प्रदेश संरचना नै खारेज हुने त होइन भन्ने प्रश्न उठिरहेको समयमा पनि न प्रदेशमा राजनीति गर्नेहरू सच्चिए न त दलहरू नै केन्द्रीकृत मानसिकताबाट माथि उठ्न सके। प्रदेशको राजनीति जहिल्यै पार्टी केन्द्रको छायामा पऱ्यो। पार्टीहरूका केन्द्रले संघीयताको मर्म नै बुझेनन्। उनीहरूले प्रदेशलाई अधिकार दिने विषयमा जहिल्यै कन्जुस्याइँ गरे। संविधान जारी भएको १० वर्षसम्म पनि प्रहरी, निजामती र शिक्षालगायत ऐन ल्याउन यिनलाई केले रोकेको थियो ? अब पनि दलहरू सच्चिएनन् भने आगामी प्रदेश निर्वाचनमा यी सक्किन्छन्।

मधेश प्रदेशको पछिल्लो राजनीतिक किचलोले के संकेत गरेको छ ?

हाम्रा हरेक प्रदेशमा जे भइरहेको छ, त्यो सधैं गलत नै भइरहेको छ। अहिले मधेशमा सिके राउतजीले पनि गलत गरिरहनुभएको छ। उहाँहरूले राजनीति गर्न नजानेको हो कि के हो ? बदलिँदो परिस्थितिमा प्रदेश संचरनालाई चुस्त बनाउने दिशामा कसैको पनि ध्यान गएको छैन। सबै सत्ताका लागि मात्र दौडधुप गरिरहनुभएको छ। सबैलाई मौका यही हो भन्ने परेको छ। त्यसैको प्रकटीकरण हो, मधेश प्रदेशको पछिल्लो राजनीतिक किचलो।

प्रदेशलाई प्रभावकारी बनाउन र राजनीतिक स्थिरता ल्याउन के गर्नुपर्ला ?

पुराना पार्टीहरूले सुधिने छाँट देखाएनन्। अहिले संविधान संशोधनको विषय बहसमा छ। संविधानले प्रदेशलाई विकासको वाहक बनाएको छ। त्यसैअनुरूप अब प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था ल्याएर बढीमा सात सदस्यीय चुस्त मन्त्रिपरिषद् बनाएर राजनीतिक स्थायित्व कायम राख्ने व्यवस्था ल्याउनुपर्छ।

प्रेरक प्रसंग

व्यावहारिक ज्ञान र कर्मको महत्त्व

एक गाउँमा चार महिला पानी भर्न नजिकैको पँधेरामा जम्मा भए। कुरैकुरामा एक महिलाले भनिन्- मेरो छोरो इन्जिनियर भयो। र, अहिले नजिकैको सहरमा एक ठुलो कम्पनीमा काम गर्छ। दोस्री महिलाले भनिन्- मेरो छोरा त वैज्ञानिक बनेको छ। तेस्री महिलाले पनि बडो गर्वसाथ भनिन्- मेरो छोरो त डाक्टर भएको छ। सहरको ठुलो अस्पतालमा काम गर्छ। चौथी महिला चुपचाप सबैका कुरा सुनिरहेकी थिइन्।



बाँकी तीन महिलाले एकसाथ उनलाई प्रश्न गरे- साँच्ची तिम्रो छोरोचाहिँ के गर्छ नि बहिनी ? उनले भनिन्- मेरो छोराले पढेलेखेको छैन। ऊ आफ्नै खेतबारीमा काम गर्छ। कुराकानी गर्दागर्दै उनीहरूको घडा पनि भरियो। चारै महिला आआफ्ना गाग्री उठाएर घरतिर फर्किए।

अचानक पहिली महिलाको इन्जिनियर छोरो उनीहरूको अगाडि आइपुग्यो। सबैलाई नमस्कार गरेर ऊ आफ्नो बाटो लाग्यो। फेरि दोस्री र तेस्री महिलाका छोरा पनि उनीहरूका अगाडि आइपुगे र सबैलाई नमस्कार गरेर अघि बढे। केहीबेरपछि चौथी महिलाको छोरो पनि उनीहरूका अगाडि आइपुग्यो। आमाले गाग्री बोकिरहेको देखेर ऊ दौडेर नजिक आयो र गाग्री आफूले बोक्दै भन्यो- आमा पानी भर्न हजुर किन आउनुभयो ? मलाई भनेको भए म ल्याइहाल्थें नि ! यति भनेर ऊ गाग्री बोकेर आमाको हात समातेर अघि बढ्यो। बाँकी तीन महिलाले आज पढाइभन्दा व्यावहारिक ज्ञान र उसको कर्म बढी महत्त्वपूर्ण हुने रहेछ भन्ने बुझे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आन्तरिक विवाद नबढाऊ

कांग्रेसमा आन्तरिक विवाद साँघुरिँदै गएको समाचार पढियो। कुनै पनि पार्टीमा आन्तरिक विवाद रहनु र त्यसैका कारण ऊ थप कमजोर हुनु राजनीतिका लागि स्वस्थ खबर होइन। त्यसैले, अहिले कांग्रेसको विवाद साँघुरिँदै जानु सकारात्मक छ। खासगरी, कांग्रेसका नेता, कार्यकर्ताका लागि यो विवाद जति बढ्छ, त्यति नै दुःख लाग्ने विषय हो। कांग्रेसका ठुला नेताले समयमै बुद्धि पुऱ्याएनन् भने तिनले आगामी दिनमा राजनीति छाडेर रामनामी बेरेर हिँडे हुन्छ। अहिलेको दुर्दशाबाट उठ्ने उपाय भनेकै आन्तरिक एकता हो। त्यसका लागि नेताहरूले जुँगाको लडाइँ छाडेर विशुद्ध पार्टीको हित सोचून्।

● **अम्बिका परियार**, सानोगौचरन, काठमाडौं

एमाले नसुध्रिने नै हो ?

यतिखेर सुदूरपश्चिम प्रदेशको नेता फेर्न एमालेका नेता पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवासमा छलफलमा जुटेको समाचार पढियो। यतिखेर नेता फेर्नैपर्ने बाध्यता के आइपऱ्यो ? अनि, सुदूरपश्चिमको नेता फेर्न बागमती प्रदेशको भक्तपुरमा कोठेबैठक गर्नुको के औचित्य ? के सुदूरपश्चिमको नेता फेर्न त्यहींका नेता, कार्यकता सक्षम छैनन् र ? नत्र त पार्टीको प्रदेश कमिटी बनाउनुको के नै अर्थ रह्यो र ?

● **सुमन चौधरी**, गुलरिया, बर्दिया

ऐरी र सन्दीपलाई बधाई

दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछानेले आइसिसी वरीयतामा आफ्नो स्थानमा निकै सुधार गरेको समाचार सुन्दा खुसी लाग्यो। उनीहरू दुवैलाई हार्दिक बधाई तथा शुभकामना छ। अलराउन्डर ऐरी विश्व वरीयतामा ३१औं स्थानमा रहनु हामी सबैका लागि पनि गर्वको विषय हो। साथै सन्दीय विश्व बलिङ वरीयतामा ४३औं स्थानमा रहनु पनि निकै खुसीको खबर हो। दुवैलाई थप शुभकामना !

● **प्रतिभा पाठक**, सामाखुसी, काठमाडौं

नियमन गर्ने कसले हो ?

नेपालमा चाइनिज मोबाइल सेट र एनसेलको सिम नभएको भए हामीजस्ता निम्नवर्गीय नेपालीका लागि मोबाइल फोन कसरी सम्भव हुन्थ्यो होला र ? तर, यसैको गलत फाइदा अहिले एनसेलले उठाइरहेको छ। एक-डेढ वर्षअघिसम्म पनि जति रिचार्ज गऱ्यो, त्यति नै एनसेलको सिमको आयु बढ्दै जान्थ्यो, तर केही समययता भने जति रिचार्ज गरे पनि एनसेलले सिमको आयु बढाउँदैन। अर्थात्, सिमको बाँकी आयु सकिएपछि मात्र थप आयु बढ्ने एनसेलको भनाइ छ। त्यसमा पनि पहिलेको जस्तै नियमित सिमको आयु बढ्दैन। आज एक सयको रिचार्ज गऱ्यो भने एक महिनाको अवधि थप हुन्छ, भोलिपल्ट सय रिचार्ज गर्दा एक्काइस दिन मात्र थप हुन्छ। यसरी क्रमशः घट्दै गएर पाँचौंपटकदेखि भने फेरि शून्यमा आउँछ।

दैनिक सयौं रुपैयाँ रिचार्ज गरेर प्रयोग गर्नेहरूका लागि त यो समस्या सामान्य लाग्न सक्छ, तर यहाँ सय रुपैयाँ रिचार्ज गरेर ६ महिनालाई खर्च पुऱ्याउने लाखौं एनसेलका ग्राहक पनि छन्। उनीहरूका लागि भने सिमको आयु बढाउनकै लागि आफ्नो मोबाइलमा पर्याप्त ब्यालेन्स हुँदा-हुँदै पनि बाध्य भएर रिचार्ज गर्नुपर्ने अवस्था छ। जुन निम्नवर्गका नागरिकका लागि अनावश्यक खर्च हो भने एनसेलका लागि भने विशुद्ध कमाउधन्दा हो।

त्यसैले बालेन सरकारसँग हाम्रो अनुरोध छ, एकचोटि सिम खरिद गरिसकेपछि त्यसको आयु आजीवन गराइयोस् या पहिलेकै जस्तो जति रिचार्ज गऱ्यो, त्यति नै सिमको आयु बढ्ने व्यवस्था लागू गराइयोस्।

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

युवा दिमागमा वातावरण संरक्षणको बिउ रोप्नु अपरिहार्य

हाम्रो शिक्षामा प्रारम्भिक शैक्षिक चरणमा वातावरण संरक्षणलाई गम्भीरतापूर्वक लिई पाठ्यपुस्तकमा समावेश गरिनुपर्छ



देश/विदेश

● काङ बिङ

एक दिउँसो हाइना प्रान्तस्थित सान्या अपार्टमेन्ट कम्प्लेक्सको बगैंचामा मैले पाँचजना केटाकेटीलाई नक्कली लडाइँका क्रममा बाँसको एउटा डाँठ भाँचिरहेको देखें। उनीहरूले अज्ञानवश निर्दयीपूर्ण रूपमा कलिला मुना भाँचिरहेका थिए। तुरुन्तै मैले उनीहरूलाई यो वातावरणका लागि हानिकारक छ भनेर सम्झाएँ, तर उनीहरूले मलाई खासै चासो देखाएनन्। जब मैले पुनः वातावरणको सवाल उठाएँ, एउटा बालकले जवाफ दिए कि त्यहाँ उनीहरूलाई शिक्षा दिनु यो मेरो कुनै काम होइन। नजिकैको एकजना मानिसले एक टकले हेरें, जसका कारण म त्यहाँबाट थप केही नबोली एकोहोरो हिँड्न बाध्य भएँ। पछि फर्केर आउँदा मैले उनीहरूले दुइटा ठुला बाँसका मुना जथाभावी भाँचेको पाएँ।

माथिको विषय सुन्दा समान्य लागे पनि यो वातावरणीय पक्ष निकै महत्त्वपूर्ण छ र वातावरण प्रत्यक्ष रूपमा हाम्रो जीवनसँग जोडिएको छ। जब मैले उनीहरूलाई स्कुलमा बिरुवाहरू जोगाउन सिकाइएको छ कि भनेर सोधें, एक बालकले स्पष्ट रूपमा 'छैन' भने। यो एक पृथक् घटना भए पनि यसले सम्पूर्ण परिदृश्यलाई प्रतिनिधित्व गर्न सक्छ। वातावरण संरक्षणबारे जनचेतना जगाउनु धेरै महत्त्वपूर्ण छ। अर्थात्, विश्वव्यापी रूपमा वातावरण संरक्षणबारे बालबालिकालाई विद्यालय र घरमा सानै उमेरदेखि सचेत बनाउनुपर्छ। तब मात्र उनीहरू नजिकको वातावरण संरक्षण गर्न अभिप्रेरित हुन्छन्।

सन् २०२२ मा मात्र केन्द्रीय शिक्षा अधिकारीले निर्देशन जारी गरेपछि हरियो र कम कार्बन जीवनको अवधारणालाई विभिन्न स्तरमा चीनको शैक्षिक सामग्रीमा बिस्तारै एकीकृत गर्न थालियो। सांघाईजस्ता केही सहरले वातावरणीय क्षेत्रमा केही प्रगति गरेको रिपोर्ट गरिएको छ। त्यहाँ लगभग ८० प्रतिशत विद्यालयले हरित क्याम्पस र वातावरणमैत्री शिक्षालाई प्रवर्द्धन गरिरहेका छन्। तर, वातावरण संरक्षण शिक्षालाई प्रारम्भिक विद्यालय शिक्षाको पाठ्यपुस्तक र पाठ्यक्रममा गहिरो रूपमा समावेश गरिएको छैन। निःसन्देह, चीनले वातावरण संरक्षणमा उल्लेखनीय फड्को मारेको छ।

चीनमा लगभग ९० प्रतिशत स्थलीय पारिस्थितिक प्रणाली र ७४ प्रतिशत राष्ट्रिय रूपमा संरक्षित वन्यजन्तु र वनस्पति प्रजाति प्रभावकारी रूपमा संरक्षण गरिएका छन्। थप रूपमा, चीन वायु गुणस्तर सुधार गर्ने सन्दर्भमा विश्वको सबैभन्दा छिटो देश बनेको छ। निलो आकाश र सेता बादलको रमणीय दृश्य सामान्य बन्दै गएका छन्। शिक्षा अधिकारीले आफ्नो पाठ्यक्रममा वातावरण संरक्षणलाई प्राथमिकता दिनुपर्छ। केही विद्यालयमा, वातावरणीय अध्ययनका लागि विशेष शिक्षक छैनन् र जिम्मेवारी प्रायः नैतिक शिक्षाका शिक्षकलाई सुम्पिन्छ। फलस्वरूप, केही स्कुले बालबालिका



वातावरण संरक्षण र आफ्नो दैनिक जीवनबिचको सम्बन्धबारे अनभिज्ञ छन्। एउटा सर्वेक्षणले प्राथमिक र माध्यमिक विद्यालयका विद्यार्थीले पारिस्थितिक व्यवहार र वातावरणीय जागरुकतामा कम अंक प्राप्त गरेको पत्ता लगाएको छ।

हाम्रो शिक्षामा विशेषगरी प्रारम्भिक शैक्षिक चरणमा वातावरण संरक्षणलाई गम्भीरतापूर्वक लिनुपर्ने समय आएको छ। वातावरण संरक्षणलाई पाठ्यपुस्तकमा अनिवार्य रूपमा समावेश गरिनुपर्छ र विज्ञान, इतिहास, भूगोल र नैतिक शिक्षाजस्ता अन्य विषयसँग अन्तरसम्बन्धित बनाउनुपर्छ। यो एउटा पृथक् विषय हुनुहुँदैन, बरु विद्यार्थीले संसारलाई हेर्न मद्दत गर्ने एक प्रकारको धागो हुनुपर्छ। विद्यार्थीले खेल्दा र काम गर्दा सान्दर्भिक सिप सिक्ने र ज्ञान ग्रहण गर्ने वातावरण संरक्षण अभ्यास आधार निर्माण गर्न थप लगानी आवश्यक छ।

बालबालिकालाई वातावरणमैत्री बनाउन विद्यालय र अभिभावकबिच पनि घनिष्ठ सहकार्य हुनुपर्छ। वातावरणीय अध्ययनका विशेषज्ञ शिक्षकले विषयमा गहिराइ र स्थिरता ल्याउन सक्छन् भने अन्य विषयका शिक्षकले आफ्ना पाठमा वातावरणीय दृष्टिकोण समावेश गर्न वातावरण संरक्षणको ज्ञानले सुसज्जित हुनुपर्छ। अर्थात्, अन्य विषयका शिक्षकबाट पनि वातावरणमैत्री ज्ञान प्रवाह भएमा बालबालिकामा यसबारे थप चेतना बढ्छ। वातावरण संरक्षण शिक्षा किंडरगार्डेनदेखि नै सुरु गर्नुपर्छ, तब मात्र बालबालिकामा यसबारे गहिरो ज्ञान प्राप्त हुन्छ। त्यो प्रारम्भिक उमेरमा सिकेका बानी व्यक्तिसँग सधैंभरि रहन्छन्। यो रणनीतिका दोहोरो फाइदा हुनेछन्। वातावरण संरक्षणको अवधारणाको प्रारम्भिक परिचयले बच्चालाई वातावरणको जीवन संरक्षक बनाउनेछ।

मलाई आशा छ कि राम्रो शिक्षाको साथ, हाम्रा बच्चा बलियो वातावरण संरक्षक बन्नेछन्, जसले हाम्रो आकाश निलो, हाम्रो पानी कञ्चन र हाम्रा मानिस बोटबिरुवा र जनावरप्रति बढी मैत्रीपूर्ण बनून् भन्ने मनन गर्नेछन्।

लेखक चाइना डेलीका पूर्वउपप्रधान सम्पादक हुन्।
चाइना डेलीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पसँगको तनावबिच पोपलाई भेट्न भ्याटिकन पुगे रुबियो

भ्याटिकन सिटी/ अमेरिकाका विदेशमन्त्री मार्को रुबियो पोप लियो चौधौंलाई भेट्न भ्याटिकन पुगेका छन् । रुबियोको भ्रमणलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पोपको बारम्बार आलोचना गरेपछि भ्याटिकनसँग बिग्रिएको सम्बन्ध सुधार्ने प्रयासका रूपमा हेरिएको छ । पोप र रुबियोबिच बिहीबार लगभग आधा घण्टा गोप्य भेटवार्ता भयो । त्यसपछि रुबियोले आफ्ना भ्याटिकनका विदेश मामिला हेर्ने कार्डिनल पिएट्रो पारोलिनलाई भेटे ।

रुबियो र पोपबिचको भेट भ्याटिकन प्रमुख र ट्रम्प सरकारका अधिकारीबिच एक वर्षपछिको पहिलो ज्ञात भेट हो । पारोलिनका अनुसार यो बैठक अमेरिकाको अनुरोधमा भएको हो । तथापि, पोप लियोले रुबियोका कुरा ध्यानपूर्वक सुनेका थिए । पछिल्लो केही समययता ट्रम्प र पोप लियोबिचको सम्बन्ध तीव्र गतिमा बिग्रिएको देखियो ।

पोपले इरानमाथिको अमेरका-इजरायल युद्धको खुलेर आलोचना गरेपछि ट्रम्पले पोपमाथि सार्वजनिक आलोचना गरे । तथापि, ट्रम्पको आलोचनाले अमेरिकी क्रिस्चियन मतदाताको एक हिस्सा रुष्ट भएको आशंका गरिएको छ । यसले नजिकिँदै गरेको मध्यावधि चुनावमा असर पर्ने चिन्ताका कारण ह्वाइट हाउसले क्षति व्यवस्थापन गर्ने प्रयास सुरु गरेको छ ।

ट्रम्पको पोपविरुद्धको सबैभन्दा पछिल्लो आलोचना सोमबार भयो, जब उनले पोपमाथि इरान युद्धको विरोध गरेर 'कैयन क्याथोलिकलाई खतरामा पारेको' आरोप लगाउँदै पोपले इरानसँग आणविक हतियार भए पनि केही नहुने भनेको बताए । तथापि, पोप लियोले क्याथोलिक चर्चले सबै आणविक हतियारलाई अनैतिक मान्ने भन्दै ट्रम्पको आरोप अस्वीकार गरे । 'चर्चको मिसन सुसमाचार प्रचार गर्नु हो, शान्ति प्रचार गर्नु,' पोपले भने, 'चर्चले वर्षौंदेखि सबै खालको आणविक हतियारको विरुद्धमा बोल्दै आएको छ ।'

इरान युद्ध चाँडै समाप्त हुने ट्रम्पको भनाइ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान युद्ध 'चाँडै समाप्त' हुने भविष्यवाणी गर्दै आममानिसले आफूले इरानको आणविक महत्त्वाकांक्षा समाप्त गर्न लागेको कुरा 'बुझेको' बताएका छन् । इरानले युद्ध समाप्त गर्ने सम्बन्धमा अमेरिकाले पठाएको प्रस्ताव 'अझै विचार गरिरहेको' टिप्पणी गरेकै समयमा ट्रम्पको यस्तो भनाइ आएको हो । अमेरिकी मिडिया 'एक्सियोस'का अनुसार ह्वाइट हाउसले इरानको १४ बुँदे समझदारीपत्रनजिक पुग्न लागेको विश्वास गरेको छ । त्यसो भएमा थप विस्तृत आणविक वार्ताका लागि रूपरेखा तय हुन सक्छ । इरानको विदेश मन्त्रालयका प्रवक्ताले भने तेहरानले पाकिस्तानी मध्यस्थकर्तासँग अमेरिकी प्रस्तावबारे छलफल गरिरहेको बताए ।

नीतीशका छोरा निशान्त कुमार बने विहारमा मन्त्री

नयाँदिल्ली/ बिहीबार विहारमा सम्राट चौधरी नेतृत्वको सरकार विस्तार गरियो । पटनाको गान्धी मैदानमा आयोजित एक विशेष समारोहमा जनता दल (युनाइटेड अर्थात् जेडियू) का प्रमुख नीतीश कुमारका छोरा निशान्त कुमार र अन्य ३१ नेताले मन्त्रीको रूपमा शपथ लिए ।

राज्यका गभर्नर (सेवानिवृत्त) लेफ्टिनेन्ट जनरल सैयद अता हसैनले कुल ३२ विधायकलाई पद तथा गोपनीयताको शपथ गराए । ३२ विधायक राज्यको सत्तारुढ गठबन्धन 'एनडिए'का पाँच दलका हुन् । तिनमा भारतीय जनता पार्टी (भाजपा), जेडियूका १३, चिराग पासवानको नेतृत्वमा रहेको लोक जनशक्ति पार्टी (राम विलास)का दुई, जितन राम माझीको नेतृत्वमा रहेको हिन्दुस्तान अवम मोर्चा (सेकुलर) तथा राज्यसभा सांसद उपेन्द्र कुशवाहको नेतृत्वमा रहेको राष्ट्रिय लोकमोर्चाबाट एक-एक रहेका छन् ।



निशान्त कुमारबाहेक मन्त्रिपरिषद्मा समावेश गरिएका अन्य परिचित नाममा पूर्वउपमुख्यमन्त्री विजय कुमार सिन्हाका साथै पूर्वमन्त्रीहरू श्रवण कुमार र अशोक चौधरी छन् । सपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, जेडियू नेता नीतीश कुमार र राज्यमा सत्तारुढ एनडिएका अन्य वरिष्ठ नेता उपस्थित थिए । राज्यसभामा निर्वाचित भएपछि जेडियू अध्यक्ष नीतीश कुमारले विहारको मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए । त्यसपछि गत महिना भाजपा नेता सम्राट चौधरीको नेतृत्वमा सरकार गठन भएको थियो । यो विहार राज्यमा गठन भएको पहिलो भाजपा नेतृत्वको सरकार हो ।

४५ वर्षीय निशान्त कुमार आफ्ना बुबा नीतीश कुमारले मुख्यमन्त्री पद त्यागेपछि सार्वजनिक जीवनमा केही सक्रिय भएका हुन् । नत्र, उनी राजनीतिमा प्रवेश गर्न अनिच्छुक रहेको बताइन्छ । पार्टीले मनाएपछि मात्र इन्जिनियरिङ पृष्ठभूमिका निशान्तले गत महिना नयाँ मन्त्रिपरिषद्मा सहभागी हुन् सहमति जनाएको बताइन्छ ।

इतिहासमा आज



सन् १९४५ : अधिल्लो दिन जर्मन सेनाले आत्मसमर्पण गरेको सम्झौता यस दिनबाट कार्यान्वयनमा आएसँगै युरोपमा दोस्रो विश्वयुद्ध अन्त्य भयो ।

सन् १६५७ : इंग्ल्यान्डका राजा चार्ल्स प्रथमलाई सशस्त्र विद्रोहमार्फत अपदस्थ गरेर सत्ता सम्हालेका ओलिभर क्रोमवेलले आफूलाई राजा घोषणा गर्न गरिएको आग्रहलाई अस्वीकार गरे ।

सन् १६६० : ओलिभर क्रोमवेलको निधनपछि इंग्ल्यान्डको संसद्ले चार्ल्स प्रथमका निर्वासित छोरा चार्ल्स द्वितीयलाई देश फर्किएर राजगद्दी सम्हाल्न आह्वान गरेसँगै इंग्ल्यान्डमा राजतन्त्र फर्किने माहोल बन्यो ।

सन् १८१२ : अमेरिकाले पहिलो वैदेशिक आर्थिक सहायता विधेयक पास गऱ्यो । विधेयकअनुसार मार्चमा भेनुजुयलामा गएको भूकम्पपीडितका लागि ५० हजार डलर सहायता प्रदान गरिएको थियो ।

सन् १८३५ : चर्चित डेनिस साहित्यकार हान्स क्रिस्चियन एन्डरसनको 'परी कथाहरू'को पहिलो संस्करण प्रकाशित भयो ।

सन् १८९५ : चीन-जापान युद्ध अन्त्य गर्न अप्रिल १७ मा भएको 'सिमोनोसेकी सन्धि'अनुरूप यसै दिनदेखि पराजित चीनले ताइबान जापानलाई सुम्पियो ।

सन् १९०१ : पश्चिम तथा मध्य भारतमा प्रकोपको रूप लिएको भोकमरीको अध्ययन गर्न गठित ब्रिटिस आयोगले साढे १२ लाख भारतीय प्रकोपमा मरेको प्रक्षेपण गऱ्यो ।

सन् १९२९ : सोभियत सरकारले देशको पहिलो ट्र्याक्टर संयन्त्रको डिजाइन गर्ने जिम्मा अमेरिकी आर्किटेक्ट अल्बर्ट काहनलाई दियो ।

सन् १९९४ : नर्वेजियन अन्वेषक अर्लिङ कागे 'तीन ध्रुव चुनौती' (उत्तरी तथा दक्षिण ध्रुव पुग्ने र सगरमाथा चढ्ने) पूरा गर्ने पहिलो व्यक्ति बने ।

सन् १९९६ : दक्षिण अफ्रिकामा रंगभेद अन्त्य भएपछि गठन भएको संविधानसभाले गठनको दुई वर्षमा आजको दिन संविधान पारित गऱ्यो । संविधान एक वर्षपछि फेब्रुअरी ४ देखि कार्यान्वयनमा आयो ।

सन् २०१६ : लन्डनको मेयर निर्वाचित भएसँगै सदिक खान प्रमुख पश्चिमी सहरको पहिलो मुस्लिम मेयर बने ।

ग्लोरीयस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
का.म.न.पा.-१६, शोभा भगवती, लिंकरोड, कालधारा चोक
फोन नं. : ०१-४९७८३००

कार्यालय स्थानन्तरणको सूचना

आदरणीय सेयरधनी एवं संस्थासँग सम्बन्धीत महानुभावहरूलाई जानकारीको लागि संस्था पूर्व अवस्थित का.म.न.पा.-३, नारायण गोपाल चोकबाट यसै संस्थाको कार्यक्षेत्र रहेको का.म.न.पा.-१६ शोभा भगवती, लिंक रोड, कालधारा चोकमा स्थानन्तरण भएको र संस्थाको फोन नं. ०१-४९७८३०० रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

कार्यालय प्रमुख

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

मध्यबानेश्वर, काठमाण्डौ,
फोन नं. ०१-४५९५५१३, ४५६४८५३
Email: info@chhimekbank.org.np
Web: www.chhimekbank.org

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position As on Quarter ended 30 Chaitra, 2082

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	9,856,169,509.16	7,526,366,527.16
Statutory Balances and due from Nepal Rastra Bank	965,114,940.00	1,046,679,130.00
Placement with Banks & Financial Institutions	-	-
Derivatives Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loan and Advances to Customer	44,104,386,557.34	39,287,456,646.90
Investment Securities	1,045,090,190.00	495,867,800.00
Current Tax Assets	121,023,553.25	87,518,099.96
Investment Property	-	-
Property and Equipment	273,756,358.66	274,042,943.98
Goodwill and Intangible Assets	2,241,134.33	2,207,600.59
Deffered Tax Asssets	59,643,237.10	35,416,771.22
Other Assets	747,032,372.83	1,093,133,359.53
Total Assets	**57,174,457,852.67**	**49,848,688,879.34**
Liabilities		
Due to Banks and Financial Institutions	-	-
Due to Nepal Rastra Banks	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	44,699,815,540.62	37,635,759,275.46
Borrowings	2,884,334,140.58	3,155,737,237.76
Current Tax Liabilities	-	-
Provisions	40,428,113.92	40,428,113.92
Deferred Tax Liabilities	-	-
Other Liabilities	798,755,307.13	1,070,374,493.90
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**48,423,333,102.25**	**41,902,299,121.04**
Equity		
Share Capital	3,617,264,101.50	3,215,345,868.00
Share Premium	40,967,834.00	40,967,834.00
Retained Earnings	1,958,119,429.69	1,841,090,537.02
Reserves	3,134,773,385.23	2,848,985,519.29
Total equity	**8,751,124,750.42**	**7,946,389,758.30**
Total Liabilities and Equity	**57,174,457,852.67**	**49,848,688,879.34**

Unaudited Condensed Statement of Profit & Loss For the Quarter ended 30 Chaitra, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	1,663,753,737.14	4,910,866,132.48	1,525,497,015.38	4,493,666,253.43
Interest Expense	920,681,640.33	2,707,842,996.27	819,957,141.29	2,429,401,086.79
Net Interest Income	**743,072,096.81**	**2,203,023,136.21**	**705,539,874.09**	**2,064,265,166.64**
Fee and Commission Income	113,692,892.00	296,675,020.00	92,418,406.00	269,324,013.00
Fee and Commission Expense	17,131.27	587,467.14	17,416.34	602,348.34
Net Fee and Commission Income	**113,675,760.73**	**296,087,552.86**	**92,400,989.66**	**268,721,664.66**
Net Interest, Fees and Commission Income	**856,747,857.54**	**2,499,110,689.07**	**797,940,863.75**	**2,332,986,831.30**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**856,747,857.54**	**2,499,110,689.07**	**797,940,863.75**	**2,332,986,831.30**
Impairment Charge/(reversal) for Loans and other losses	10,766,411.07	36,065,561.29	842,999.81	128,841,801.95
Net operating income	**845,981,446.47**	**2,463,045,127.78**	**797,097,863.94**	**2,204,145,029.35**
Operating Expense				
Personnel Expenses	297,306,068.26	949,344,280.89	264,851,335.23	852,996,601.60
Other Operating Expenses	74,582,260.17	216,265,479.55	43,576,521.82	122,373,075.94
Depreciation & Amortization	10,054,092.45	27,638,681.17	8,297,816.91	26,664,896.12
Operating Profit	**464,039,025.59**	**1,269,796,686.17**	**480,372,189.98**	**1,202,110,455.69**
Non-Operating Income	7,932,444.78	25,186,972.92	7,787,194.31	17,247,480.84
Non-Operating Expense	-	712.39	-	
Profit before Income Tax	**471,971,470.37**	**1,294,982,946.70**	**488,159,384.29**	**1,219,357,936.53**
Income Tax Expense				
Current Assets	141,591,441.11	388,506,415.51	146,447,815.29	365,807,380.96
Deferred Tax	-	-	-	-
Profit for the Period	**330,380,029.26**	**906,476,531.19**	**341,711,569.00**	**853,550,555.57**

Statement of Comprehesive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	**330,380,029.26**	**906,476,531.19**	**341,711,569.00**	**853,550,555.57**
Other Comprehensive Income	-	-	-	-
a) Items that will not be reclassified to profit or loss	-	-	-	-
- Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-
- Gain/(loss) on revaluation	-	-	-	-
- Actuarial gain/loss on defined benefit plans	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that will not be reclassified to profit or loss	-	-	-	-
b) Items that are or may be reclassified to profit or loss	-	-	-	
- Gains/(losses) on cash flow hedge				-
- Exchange gains/(losses) (arising from translating financial assets of foreign opaeration)	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that are or may be reclassified to profit or loss	-	-	-	-
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	
Other comprehensive income for the period net of income tax	-	-	-	-
Total Comprehensive Income for the period	**330,380,029.26**	**906,476,531.19**	**341,711,569.00**	**853,550,555.57**
Earnings per share				
Basic earnings per share		33.41		35.39
Annualized Basic Earnings Per Share		33.41		35.39
Diluted earnings per share		33.41		35.39

Ratio as per NRB Directives

Particulars	Current Year		Previous Year Correspondin	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	16.75%	-	17.14%
Non Performing Loan (NPL) to Total Loan	-	2.32%	-	2.60%
Total Loan Loss Provision to Total NPL	-	152.81%	-	151.47%
Cost of Funds	-	8.33%	-	8.37%
Credit to Deposit & Borrowing Ratio	-	95.82%	-	99.96%
Base Rate	-	11.78%	-	11.65%
Interest rate spread	-	6.80%	-	6.23%

Statement of Distributable Profit and Loss For the Quarter ended 30 Chaitra, 2082 (As per NRB Regulation)

Particulars	Current Year	Previous Year Corresponding
	Upto this Quarter	Upto this Quarter
Net Profit or (Loss) as per statement of profit or loss	906,476,531.19	853,550,555.57
Appropriations		
a. General Reserve	181,295,306.24	170,710,111.11
b. Foreign Exchange Fluctuation Fund	-	-
c. Capital Redemtion Reserve	-	-
d. Corporate Social Responsibility	9,064,765.31	8,535,505.56
e. Employee Trainning Fund	-	-
f. Other	18,129,530.62	12,803,258.33
Profit or Loss before regulatory adjustment	**697,986,929.02**	**661,501,680.57**
Regulatory Adjustment		
a. Interest receivable (-)/previous accrued interest received (+)	8,231,445.38	(16,664,505.45)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-	-
h. Acturial loss recognised (-)/reversal (+)	-	-
i. other	-	-
Net Profit For the Quarter ended 30 Chaitra, 2082 available for distribution	**706,218,374.40**	**644,837,175.12**
Opening Retained Earning	2,055,737,522.29	1,642,829,176.90
Adjustment (+/-)	-	-
Distribution		
Bonus share issued	401,918,233.50	238,173,768.00
Cash Dividend Paid	401,918,233.50	208,402,047.00
Total Distributable profit or (loss) as on Quarter end date	**1,958,119,429.69**	**1,841,090,537.02**
Annualised Distributable Profit/Loss per share	72.18	76.35

Notes :

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) .These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.chhimekbank.org).
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Actuarial Valuation will be done for Employee Benefits and will be adjusted in audited financial statements.
5. Personnel Expenses also include employee's bonus provision.
6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. Immediate Previous Year Ending of Financial Position are unaudited figures.

Disclosure Pursuant to Securities Registration and Issue Regulation 2073 (Rule 26(1), Annexure 14) Third Quarter of Financial Year 2082/83

1 Financial Statement

a) The Nepal Financial Reporting Standard (NFRS) compliant financial statement of the third quarter has been published along with this report.

b) Pursuant to adoption of ECL model, recognition of interest income has been based upon NRB NFRS 9 Expected Credit Loss (ECL) Related Guidelines, 2024.

c) The Microfinance, following regulatory backstop as mentioned Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognize impairment on credit exposures as the HIGHE of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02.

d) Detail disclosure regarding ECL has been made in website of the Microfinance.

e) Key Financial Indicators

Earnings Per Share	33.41	Liquidity Ratio	22.91%
Price Earnings Ratio	27.29	Return on Equity	13.81%
Net Worth Per Share	241.93	Total Assets Value Per Share	1,580.60

2 Management Analysis

a) Quarterly analysis of the microfinance's incomes and liquidity:
The microfinance has registered NPR 90,64,76,531.19 in net profit, and its liquidity ratio stands at 22.91%.

b) Business Analysis and Business Plan:
Having the license to operate all over Nepal, the microfinance is currently providing its services in 69 districts through 197 branches. With the aim of improving access to financial services to the poor and marginalized women members and developing micro-entrepreneurship, the microfinance is serving 444,747 households and has provided various loans to 255,171 members till the end of this quarter. The microfinance is further planning to timely improve its quality of services as per the contemporary circumstances and needs & requirements of the members. The microfinance will keep on continually developing the micro-enterpreneurship on its members through micro-credit services and training facilities.
To streamline deposit and installment collections, the microfinance institution has successfully collaborated with private digital payment service providers, enhancing members access to digital payment options. Moving forward, the institution aims to further expand and improve its digital services.

3 Details Related to Legal Proceedings

a) No information regarding the lawsuit against the microfinance has been filed during the Quarterly period under review.

b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the microfinance during the quarterly period under review.

c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the microfinance during the quarterly period under review.

4. Analysis of the Microfinance's Share Transaction

a) The shares of the microfinance are listed on Nepal Stock Exchange. The microfinance's share price is determined by the market's movement and microfinance's management is neutral in this regard.

b) The microfinance has complied with all the prevailing norms of SEBON and directives issued by NRB.

c) Details of share transaction during the quarter is as follows:

Maximum Price	1,015.10	Total Days Transacted	53.00
Minimum Price	882.00	Total Shares Transacted	1,727,926.00
Closing Price	912.00	Total Number of Transaction	16,098.00
		Total Amount Transacted	**1,623,455,818.90**

(Source: - www.nepalstock.com.np)

5. Problems and Challenges

The current economic recessions has led to increased default rate. The microfinance had faced severe challanges, including increased default rates due to economic recession, social unrest from opposing groups, risk of multiborrowing, a shortage of skilled mapower, and frequent regulatory changes. Even though potential loanee are properly vetted, and improvements are evident but there is always a risk of multiple borrowing of clients with other financial institutions. Similarly there is lack of skilled manpower within the country which has hampered the efficient growth of these institutions. Finally, frequent regulatory policy changes by the concerned regulatory body adds complexity and uncertainty to the operations.
The total cost of operations has been increased in recent times due to recruitment, retention of quality human resource.
The challenges faced by the microfinance during this period are listed below:

i) Internal Challenges:
a) Challenges in the timely recovery of loans,
b) Recruitment and retention of quality manpower,
c) Increasing cost of operation,
d) Decrease in employee productivity due to geographical dificulties,
e) Management of increased operational risk with the increase in business volume & number of branches.
f) Difficulty in conducting members field meeting due to the activities of group, carrying out act against Microfinance sectors.

ii) External Challenges
a) Increment in the interest rate of deprived sector and other borrowings availed by the microfinance,
b) Changes in Regulatory provisions,
c) Challenges in the management of the liquidity,
d) Multiple Borrowings and Duplication of members,
e) Larger numbers of microfinances and Unhealthy Competition among them,
f) Lack of Markets for the productions of the members,
g) Long term impact of Covid-19 pendamic.

iii) Future Strategies to overcome the challenges
a) Optimum and efficient utilization of the available means and resources,
b) Enhancing the Quality of Assets,
c) Incorporating Digital banking in every possible aspects of the services,
d) Expansion of branches to the untapped areas of the country,
e) Enhancing the competitive advantages,
f) Extension of the lending in Productive and Agricultural Sector.

6. Corporate Governance
The microfinance is committed in maintaining the highest level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with all the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the microfinance adheres to all the regulatory and legal requirements and the industry best practices.

7. Declaration by CEO
II, CEO of the microfinance, take responsibility for the truthfulness of the information disclosed in this report to the best of my knowledge. Further, the information disclosed herein are true and fair and have not knowingly concealed any material information which may affect the decision of the investor.

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २५ वैशाख ०८३

भन्सारमै एमआरपी स्वघोषणा गरेर जाँचपास हुन थाले मालवस्तुहरू

तर, व्यापारीहरू भन्छन्- तत्काललाई सहज भएको मात्र हो, भन्सार विन्दुमै घोषणा व्यावहारिक छैन

विराटनगरमा **गणेश लम्साल**, कञ्चनपुरमा **मोहन विष्ट**, झापामा **चिरञ्जीवी घिमिरे**, बाँकेमा **विश्वराज पछ्लडङ्गया**



भन्सार विन्दुमा आयातित वस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्नुपर्ने निर्णयबाट सरकार लचिलो भएपछि भन्सार जाँचपास नियमित हुन थालेको छ। बुधबारदेखि मुलुकका सबै भन्सार नाकाबाट जाँचपास नियमित हुन थालेको हो।

आयातकर्ताले भन्सार विन्दुमै एमआरपी उल्लेख गर्नुपर्ने भनेपछि जाँचपास प्रभावित भएको थियो। त्यही अवस्थाबिच भन्सार विभाग र व्यवसायीबिच भन्सार विन्दुमा आयातकर्ताले एमआरपी स्वघोषणा गर्ने र पछि गोदाममा त्यहीअनुसार लेबल लगाएर बजारमा सामान पठाउने सहमति भएको थियो। त्यसलगत्तै विभागले बुधबारदेखि नै जाँजपास नियमित गर्न भन्सार विन्दुका कार्यालयलाई निर्देशन दिएको थियो। योसँगै भन्सार नाकामा देखिएको अन्योलता पनि तत्काललाई अन्त्य भएको छ। एमआरपी उल्लेख गर्नुपर्ने विषयले १० दिनदेखि भन्सार नाकामा सर्यौं मालवाहक गाडी अलपत्र परेका थिए। अहिले त्यो नियमित रूपमा जाँचपास हुन थालेको छ। भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले बुधबारबाटै जाँचपास नियमित रूपमा भइसकेको बताएका छन्।

मालवस्तुको अधिकतम खुद्रा मूल्य (एमआरपी) मूल्य विवादका कारण विराटनगर भन्सारमा रोकिएका मालवाहक सवारीहरू जाँचपास हुन थालेका छन्। भन्सार विभागको निर्देशनबमोजिम व्यपारीहरूले भन्सारमा एमआरपी स्वघोषणा गरेर होल्ड भएका सवारीसाधन जाँचपास गराउन थालेको विराटनगर भन्सारका प्रमुख भन्सार अधिकृत उमेश श्रेष्ठले बताए। उनका अनुसार तत्काल भन्सार विन्दुमा प्रवेश भएका मालवस्तुहरू अब व्यवसायीले मूल्य स्वघोषणा गरेर तथ्यांक भन्सार प्रणालीमा प्रविष्ट गराएर जाँचपास गराउन पाउनेछन्। उनले भने, 'तर, सबैका लागि सरकारले यो सुविधा दिएको हैन, व्यवस्थापन गर्न नसक्नेका लागि तत्काल सुविधा दिएको मात्र हो। बजेट प्रस्तुत भएपछि अर्डर भएर आयात हुने मालवस्तुका हकमा भने उत्पादनस्थलमै एमआरपी उल्लेख भएको हुनुपर्ने नियम लागू हुनेछ।'

विराटनगर भन्सार एजेन्ट संघका अध्यक्ष देवकी शर्माले एमआरपी समस्याले भन्सारमा होल्ड भएका मालवस्तु जाँचपास सहजीकरण गर्ने निर्णयअनुसार स्वघोषणा गरेर आयात भइरहेको बताए। मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले एक-दुई महिनाका लागि एमआरपी स्वघोषणाले आयातमा सहज बनाए पनि दिगो समाधान नभएको बताए। उनले भन्सार विन्दुमै एमआरपी घोषणा गर्ने नीति व्यावहारिक हुन नसक्ने भन्दै आयात गरेका मालवस्तु आफ्नो गोदाममा एमआरपी घोषणा गर्न पाउनुपर्नेमा जोड दिए। अध्यक्ष राठीले भने, 'अधिक राजस्व असुलीका लागि भनेर भन्सार विन्दुमै एमआरपी घोषणा गराए ४०-५० प्रतिशतसम्म भन्सार मूल्यांकन गर्ने प्रावधान व्यावहारिक रूपमा लागू हुन सक्दैन।

हाललाई जाँचपासमा सहजीकरण भएको छ

● **श्यामप्रसाद भण्डारी**, महानिर्देशक, भन्सार विभाग



बुधबारदेखि नै जाँचपास नियमित ढंगबाटै भएको छ। बुधबार एक अर्ब ५३ करोड रुपैयाँ राजस्व संकलन भएको छ। जुन नियमित रूपमै उठ्ने राजस्वसरह हो। दैनिक डेढ अर्बबराबरको राजस्व भन्सारबाट उठ्ने गर्छ। बुधबार पनि सोही दरमै राजस्व उठेको छ। यसले पनि भन्सारको जाँचपास नियमित रूपमै भएको देखिन्छ। हाललाई भन्सार जाँचपासमा सहजीकरण भएको छ।

■ मेची भन्सारमा एक सातापछि जाँचपास

हुँदा मेची भन्सार कार्यालय काँकडभिट्टामा स्थगित रहेको जाँचपास बुधबारबाट खुलेको छ। भन्सार विभागले सहजीकरण गरेपछि तत्कालका लागि एमआरपी भन्सारमै व्यवसायीले आफैं घोषणा गर्ने व्यवस्थाअनुसार जाँचपास खुलेको मेची भन्सार कार्यालय काँकडभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए। एमआरपी अनिवार्य भएपछि विगत एक सातादेखि मेची भन्सार कार्यालयमा जाँचपास रोकिएको थियो। विभागले निर्देशन पठाएपछि बुधबार एमाआरपी स्वघोषणा गरेर दुईवटा गाडीको जाँचपास भएको उनले बताए। यस्तै, बिहीबार पनि भन्सारको गोदाममा थन्किएका केही सवारी यसरी नै पास गरिएको उनको भनाइ छ। 'गोदाममा भएका सवारीको हकमा कष्ट सिटमा आफैं एमआरपी घोषणा गरेर जाँचपास भएको हुन्छ,' उनले भने, 'अब आउने सामानमा अनिवार्य एमआरपी भएको, उत्पादन मिति र म्याद सकिने मिति भएको स्पष्ट हुनुपर्नेछ।'

■ स्वघोषणाले नेपालगन्जमा छैन समस्या

भन्सारमा एमआरपी लागू गर्ने नियमले कुनै समस्या नभएको नेपालगन्ज भन्सार कार्यालयले जनाएको छ। भन्सार कार्यालयमा पहिलेदेखि नै एमआरपी घोषणा हुँदै आएकाले अन्यत्रको भन्सारमा जस्तो समस्या नभएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले जानकारी दिए। 'एमआरपी घोषणा भन्सारमा हुन्छ। लागू भए-नभएको हेर्ने निकायले अनुगमन गर्नुपर्ने हो,' उनले भने, 'हाम्रो काम भन्सारमा एमआरपी घोषणा गराउने मात्र हो।'

उनले एमआरपी घोषणाका कारण व्यापारीको सामान भन्सारमा नरोकिएको जानकारी दिए। 'म मेरो सामान स्टोरमा पुगेपछि भन्सार शुल्कलगायत लाग्ने अन्य शुल्क जोडेर एमआरपी निर्धारण गर्छु भन्ने जानकारी भन्सारलाई दिनुपर्छ। त्यसपछि एमआरपी लागू भए-नभएको हेर्ने हाम्रो काम होइन,' उनले भने।

नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंकबहादुर धामीले पनि भन्सारमा एमआरपी घोषणाले व्यापारीलाई कुनै समस्या नभएको बताए। 'व्यापारीले नियमित रूपमा सामान ल्याइरहनुभएको छ। अहिलेसम्म सामान रोकिएको छैन,' उनले भने।

■ व्यवसायी भन्छन्- झन्झट र कठिनाइ भयो

सरकारले भन्सार विन्दुमै एमआरपी लागू गरेपछि सामान आयातमा झन्झट र कठिनाइ भएको कञ्चनपुरका व्यवसायीले बताएका छन्। महेन्द्रनगरका आयात-निर्यात व्यवसायी हरिकृष्ण शाहले अनेकौं नियम लागू गरेर व्यवसायीलाई दुःख दिने काम गरेको बताए। 'भारतीय बजारमा उत्पादित कम्पनीले वस्तुको एमआरपी राख्दैन,' उनले भने, 'सरकारले भन्छ, उतैबाट हालेर ल्याऊ, अनि भन्सारमा हाल्दा पनि हामीमाथि बिचबाटैमा प्रहरीबाट समस्या हुन्छ।' मालसामानलाई भन्सारदेखि गोदामसम्म आउँदा सहज हुने गरेर एमआरपी राख्ने वातावरण बनाउनुपर्ने उनले बताए।

त्यस्तै, अर्का व्यवसायी भरत रानाले एमआरपीका कारण बिहान आएको सामान चेकजाँचमा दिनभर लागेपछि दुवानीमा समस्या भएको बताए। 'भारतबाटै सबै बिलबिजक ल्याएर सामानको मूल्य राख्नुपर्ने भयो,' उनले भने, 'यता भन्सार पुग्दा सबै वस्तुको एमआरपी राख्दा भन्सार क्षेत्रमै अनावश्यक समय खर्च भयो, झन्झट पनि भइरहेको छ।' कञ्चनपुर उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्षसमेत रहेका तेजबहादुर चन्दले एमआरपीको विषयमा संघले सरकारसँग आवश्यक पहल गर्ने बताए। कञ्चनपुर उद्योग वाणिज्य संघका महासचिव राहुल भट्टले एक्कासि नियम लागू गर्दा समस्या भएको बताए। 'झन्झटिलो छ, प्रिप्लानविनै ल्याएको योजना कार्यान्वयनमा चुनौती छ। एक्कासि आएको हुँदा हामी व्यवसायी समस्यामा छौं,' उनले भने, 'धेरै प्रकारका सामान एकै कन्टेनरमा ल्याउनुपर्ने हुँदा समस्या हुन्छ, हरेक वस्तुको एक-एक गरेर एमआरपी हाल्न कठिनाइ हुन्छ, यसलाई सहजीकरण आवश्यक छ।' कञ्चनपुर भन्सार अधिकृत अम्बिकादेवी सुवेदीले एमआरपी लागू भएपछि भन्सार जाँचपासमा केही कठिनाइ भए पनि झन्झटिलो अवस्था सिर्जना नभएको बताइन्।

भारतसँगको दीर्घकालीन विद्युत् व्यापार सम्झौता राजपत्रमा प्रकाशन गर्न सर्वोच्चको आदेश

- सम्झौता व्यापारिक हो, प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँटसँग जोडिन्न : सर्वोच्च
- आन्तरिक खपत कटौती गरेर विद्युत् निर्यात गर्न नपाइने, एक महिनाभित्र संसद्मा समेत पेस गर्नुपर्ने



मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले पुस ०८० मा भारतसँग गरेको मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौता राजपत्रमा प्रकाशन गर्नुपर्ने भएको छ। पूर्वसचिव सूर्यनाथ उपाध्यायले दायर गरेको रिट खारेज गर्दै सर्वोच्च अदालतले उक्त सम्झौता राजपत्रमा प्रकाशन गर्न निर्देशनात्मक आदेश दिएको हो। सरकारले हालसम्म उक्त सम्झौता सार्वजनिक गरेको छैन।

पूर्वसचिव उपाध्यायले उक्त सम्झौताले नेपालको प्राकृतिक स्रोतमाथि दीर्घकालीन असर पार्ने भन्दै संसद्बाट अनुमोदन गर्नुपर्ने मागसहित रिट दायर गरेका थिए। त्यसमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीशहरू सपना मल्ल प्रधान र महेश शर्मा पौडेलको इजलासले रिट खारेज गर्दै निर्देशनात्मक आदेश दिएको हो। सर्वोच्चले यसको पूर्ण पाठ बिहीबार सार्वजनिक गरेको छ। यसको फैसला भने २० कात्तिक ०८१ मा भएको थियो।

यो सम्झौता प्राकृतिक स्रोत र त्यसको उपयोग बाँडफाँटको विषय नभएको भन्दै सर्वोच्चले व्यापारिक प्रकृतिको भएको ठहर गरेको छ। सोही कारण उक्त सम्झौता संसद्बाट अनुमोदन गराउनुनपर्ने सर्वोच्चको आदेशको पूर्ण पाठमा उल्लेख छ।

'प्रस्तुत सम्झौता विद्युत् खरिद-बिक्रीको व्यापारिक प्रकृतिको भएको, सम्झौतामा प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँटको विषय सन्निहित नरहेको, यस सम्झौताका आधारमा दुई देशबिच विद्युत् उत्पादन वा प्रसारणलाइनका व्यवस्था स्वतः कार्यान्वयन हुन नसक्ने र भविष्यमा तत् सम्बन्धमा कुनै सन्धि-सम्झौता हुँदा त्यसमा चुनौती दिएमा यस अदालतबाट सो समयमा परीक्षण हुन सक्ने नै भएकाले व्यापारिक र करारीय प्रकृतिको यस सम्झौतालाई निवेदकको मागबमोजिम उत्प्रेषणको आदेशले बदर गर्न र यस सम्झौतालाई नेपालको संविधानको धारा २७९ बमोजिम व्यवस्थापिकाबाट अनुमोदन गराउनु भनी आदेश जारी गरिरहनुपर्ने देखिएन,' पूर्ण पाठमा भनिएको छ। सर्वोच्चले उक्त सम्झौता संविधान र कानुनविपरीत नभएको पनि व्याख्या गरेको छ।

रिट खारेज भए पनि विद्युत् उत्पादन र राष्ट्रिय हितलगायतका विषय संवेदनशील रहेको भन्दै सर्वोच्चले मन्त्रिपरिषद्को नाममा ६ बुँदे निर्देशनात्मक आदेश जारी गरेको छ। त्यसमा ३० दिनभित्र सम्झौता जानकारीका लागि संघीय संसद्का दुवै सदनमा पठाउन भनिएको छ। नेपाल सन्धि ऐन, २०४७ मा नेपाल सरकारले स्वीकार गरेका सन्धिहरूको सूचना व्यवस्थापिकामा पेस गर्नुपर्ने व्यवस्था छ।

यसैगरी, राष्ट्रिय हितप्रतिकूल नहुने गरी उक्त सम्झौताको कार्यान्वयन गर्नुपर्ने सर्वोच्चको आदेश छ। 'यस सम्झौताअनुसार विद्युत् व्यापार, ग्रिड जडान, प्रसारण पूर्वाधारको विस्तार गर्दा राष्ट्रिय हितप्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयनको सिद्धान्तबमोजिम सम्झौताको कार्यान्वयन गर्नू-गराउनू,' निर्देशनात्मक आदेशमा भनिएको छ। यसैगरी, विद्युत् निर्यात गर्दा स्वदेशी खपत कटौती गर्न नपाइनेसमेत सर्वोच्चको आदेश छ। यस सम्झौता कार्यान्वयनका क्रममा जलस्रोत बाँडफाँट वा उपयोगको विषयमा थप सम्झौता गर्दा राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्ने सर्वोच्चको आदेश छ। यस्तै, जलविद्युत्जस्तो नवीकरण ऊर्जाको कारोबार वातावरणीय न्यायको सिद्धान्तअनुरूप वातावरणीय लक्ष्य पूरा हुने गरी गर्नुपर्ने सर्वोच्चको आदेश छ।

१० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने गरी १९ पुस ०८० मा नेपाल र भारतबिच मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौता भएको थियो। हाल यो कार्यान्वयनको चरणमा छ। यस सम्झौताको अवधि २५ वर्ष रहेको छ। यद्यपि, प्रत्येक १० वर्षमा सम्झौतापत्र स्वतः नवीकरण हुनेछ। नेपाल र भारतबिच यो सम्झौता भएको साढे दुई वर्ष भएको छ। तर, हालसम्म दीर्घकालीन प्रकृतिको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) भने भएको छैन।



VACANCY ANNOUNCEMENT

The construction of the main civil works (lot-2), the headrace tunnel using a Tunnel Boring Machine (TBM) for the Upper Tamor Hydropower Project (285 MW), has vacancies for skilled and capable personnel

S. N.	Designation	Qualification	Required No.	Experience	Skills
1	**Project Manager**	BE or Equivalent	1	7 Years	Construction Management Team and Compulsory Chinese Language
2	**Commercial Manager**	Bachelor in Management or Equivalent	4	4 years	Construction Management Team and Compulsory Chinese Language
3	**Chief Engineer**	BE or Equivalent	1	5 years	Construction Management Team and Compulsory Chinese Language
4	**Design Manager**	BE or Equivalent	1	4 years	Construction Management Team and Compulsory Chinese Language
5	**Financial Manager**	Bachelor or Equivalent	2	3 Years	Construction Management Team and Compulsory Chinese Language
6	**Manager of Administration Department**	Diploma or Equivalent	3	3 Years	Construction Management Team and Compulsory Chinese Language
7	**Manager of Contract Departrnent**	BE or Equivalent	1	5 years	Construction Management Team and Compulsory Chinese Language
8	**Manager of Mechanical and Electrical Department**	BE or Equivalent	1	6 Years	Construction Management Team and Compulsory Chinese Language
9	**Manager of Design Department**	BE or Equivalent	1	5 years	Construction Management Team and Compulsory Chinese Language
10	**Manager of HSE Department**	BE or Equivalent	1	5 years	Highly skilled and Compulsory Chinese Language
11	**Civil Work Engineer**	BE or Equivalent	1	5 years	Highly skilled and Compulsory Chinese Language
12	**Hydro Mechanical Works Engineer**	BE or Equivalent	1	6 Years	Highly skilled and Compulsory Chinese Language
13	**Measurement Engineer**	BE or Equivalent	1	7 Years	Highly skilled and Compulsory Chinese Language
14	**Site Technician**	Junior College or Equivalent	52	3 Years	Highly skilled and Compulsory Chinese Language
15	**Supervisor for Equipment and Material**	Diploma or Equivalent	6	3 Years	Highly skilled and Compulsory Chinese Language
16	**Supervisor for Technical Work**	Diploma or Equivalent	7	3 Years	Highly skilled and Compulsory Chinese Language
17	**TBM Operator**	Diploma or Equivalent	7	3 Years	Highly skilled and Compulsory Chinese Language
18	**Supervisor for Powerhouse Civil Works**	Diploma or Equivalent	5	3 Years	Highly skilled and Compulsory Chinese Language
19	**Supervisor for Structure Work**	Diploma or Equivalent	6	3 Years	Highly skilled and Compulsory Chinese Language
20	**Supervisor for Mechanical and Electrical Work**	Diploma or Equivalent	2	3 Years	Highly skilled and Compulsory Chinese Language
21	**Assistant of the QA/ QC Supervisor for Civil Work**	Diploma or Equivalent	2	3 Years	Highly skilled and Compulsory Chinese Language
22	**Director of International Business**	Bachelor or Equivalent	2	6 Years	Highly skilled and Compulsory Chinese Language

Interested candidates are encouraged to apply with updated biodata, academic certificates, and PP-size photos to **cregc.nepalhr@gmail.com.**

Please note: The last date for application submission is 7 days from the advertisement date.

फ्री भिसा, फ्री टिकट व्यावहारिक रूपमा कार्यान्वयन गर्न सुझाव

काठमाडौं/ वैदेशिक रोजगारमा जाने कामदारका लागि जारी भएको 'फ्री भिसा, फ्री टिकट'को व्यवस्था व्यावहारिक रूपमा कार्यान्वयन गर्न सांसदले सुझाव दिएका छन्। बिहीबार बसेको संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको बैठकमा वैदेशिक रोजगारीमा देखिएको बेथिति अन्त्य गरी श्रमिकमैत्री नीति कार्यान्वयन गर्न सांसदले सुझाएका हुन्।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद प्रकाश पाठकले वैदेशिक रोजगारमा जाने श्रमिकबाट पाँच लाख रुपैयाँसम्म लिने गरेको, तर रसिद भने १० हजारको मात्रै थमाइरहेको बताए। त्यस्तै, रास्वपा सांसद रञ्जु दर्शनाले अभिमुखीकरणका लागि दिइने तालिम प्रभावकारी बनाउन सुझाव दिइन्।

बैठकमा कांग्रेस सांसद प्रकाशसिंह कार्कीले वैदेशिक रोजगारका एजेन्ट गाउँ पुगेर ठुलो रकम उठाउने, तर श्रमिकलाई १० हजारको रसिद मात्रै दिने गरेको विकृति रोक्न सरकारले प्रभावकारी कदम चाल्नुपर्ने बताए। 'नगदी रसिदमा उल्लेख भएको भन्दा महँगो पैसा तिरेर खाडी मुलुकको रोजगारीमा जाने युवाको पीडा बुझ्नु जरुरी छ,' उनले भने, 'धेरैतिर बिचौलिया हटाउने अभियान जारी रहेकाले म्यानपावर क्षेत्रमा भएको बिचौलिया (गाउँ-गाउँ डुल्ने एजेन्ट) पनि हटाउनुपर्छ।'

एमाले सांसद क्षितिज थेबेले वैदेशिक रोजगारीमा रहेको ठगी नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चाल्न आवश्यक रहेको बताए। वैदेशिक रोजगार विभागले व्यक्तिगत रूपमा विदेश पठाइदिने भनेर श्रमिक ठगी गर्नेविरुद्ध चलाएको अभियानको सांसद थेबेले विरोध गरे। कसैलाई रिस उठेका भरमा र फसाउने नियतका साथ विभागमा उजुरी दिएकै आधारमा पक्राउ पुर्जी जारी भएको उनको आरोप छ।

समिति सभापति रहबर अन्सारीले वैदेशिक रोजगारीमा जाने नेपालीलाई विश्वभर धेरै प्रचलनमा रहेकामध्ये एक-दुईवटा भाषामा दखल बनाएर पठाउन सके सम्बन्धित देश पुगेर भाषाको समस्या झेल्नुनपर्ने बताए। सांसदको सुझावपछि श्रममन्त्री रामजी यादवले फ्री भिसा, फ्री टिकटको नीतिलाई पुनरावलोकन गर्ने बताए। उनले तोकिएभन्दा बढी पैसा दिएर जानुपर्ने बाध्यता अन्त्यका लागि केही योजना बनाइरहेको पनि बताए।

सेवोन अध्यक्ष सिफारिस समितिबाट भट्टको राजीनामा

काठमाडौं/ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्ष नियुक्तिका लागि गठन गरिएको सिफारिस समितिबाट राजीनामा दिएका छन्। उनका दाइ डा. गोपाल भट्टले बोर्ड अध्यक्षका लागि आवेदन दिएपछि नैतिकताका आधारमा उनले पदबाट अलग भएको बताएका हुन्।

सरकारले सेबोन अध्यक्ष नियुक्तिका लागि भट्टको संयोजकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गरेको थियो। समितिमा अर्थसचिव घनश्याम उपाध्याय र विज्ञ सदस्यका रूपमा नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल रहेका थिए। उपाध्यक्ष भट्टले आफ्ना दाइले आवेदन दिएपछि नियुक्ति प्रक्रियामा स्वाभाविक रूपमा प्रश्न उठ्न सक्ने भएकाले राजीनामा दिएको बताए।

महासंघ अध्यक्ष श्रेष्ठले गरे पदबहाली

आगामी कार्यकालका लागि ६ स्तम्भ, ६० पहल कार्यक्रम सार्वजनिक

यस्ता छन् नवनिर्वाचित अध्यक्ष श्रेष्ठका ६ स्तम्भ

- महासंघले प्रदान गर्ने सेवा सुदृढीकरणको र सञ्जालको विस्तार
- आर्थिक सुधार र सुशासन
- प्रतिस्पर्धात्मकता र वृद्धि
- विकास सहयोग र निजी क्षेत्र विकास
- श्रम, सिप र उत्पादकत्व सुधार
- निजी क्षेत्र प्रवर्द्धन र संरक्षण



नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठले पदबहाली गरेका छन्। महासंघ सचिवालय टेकुमा बिहीबार आयोजित कार्यक्रमबिच उनले २१औं अध्यक्षका रूपमा कार्यभार सम्हालेका हुन्।

महासंघको बुधबार सम्पन्न ६०औं साधारणसभापछि श्रेष्ठ वरिष्ठ उपाध्यक्षबाट स्वतः अध्यक्ष बनेका हुन्। महासंघको यसअघिको विधानमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्ने प्रावधान थियो। सोहीअनुसार महासंघको नेतृत्वमा आइपुगेका श्रेष्ठलाई बिहीबार निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघ सचिवालयमा पद तथा गोपनीयताको शपथग्रहण गराउँदै कार्यभार हस्तान्तरण गरेका हुन्। निर्वाचित अन्य पदाधिकारी तथा कार्यकारिणी सदस्यहरूलाई नवनिर्वाचित अध्यक्षले पद तथा गोपनीयताको शपथग्रहण गराए। पदबहालीलगत्तै नवनिर्वाचित पदाधिकारीसँगको परिचयात्मक तथा भेटघाट कार्यक्रममा नवनिर्वाचित अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकालका प्राथमिकता समेटिएको '६ स्तम्भ, ६० पहल' कार्यक्रम घोषणा गरे। 'मैले निजी क्षेत्रको दीर्घकालीन हित, लगानीमैत्री वातावरण निर्माण तथा महासंघको संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर तयार पारेको ६ स्तम्भ, ६० पहल कार्यक्रम आफ्नो तीनवर्षे कार्यकालको प्राथमिकता रहनेछ,' श्रेष्ठले भने, 'यहीअनुसार महासंघले अगाडि बढाउने रणनीतिक कार्यक्रम तथा कार्ययोजना कार्यान्वयन मेरो प्राथमिकता रहनेछ।'

महासंघका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघका एजेन्डा निजी क्षेत्र प्रवर्द्धनका लागि हुनुपर्नेमा जोड दिए। पूर्वअध्यक्ष महेशलाल प्रधानले देशमा औद्योगिक तथा व्यावसायिक वातावरण निर्माणमा महासंघले सशक्त भूमिका निर्वाह गर्नुपर्ने बताए। यस्तै, पूर्वअध्यक्ष भवानी राणाले आर्थिक विकास र समृद्धिका लागि निजी क्षेत्रको साथ लिन सरकारलाई आग्रह गर्दै आर्थिक एजेन्डामा एक भएर काम गर्न नयाँ कार्यसमितिलाई सुझाव दिइन्।

स्मार्ट किनमेलको अनुभव दिलाउँदै सिजी डिजिटल



काठमाडौं/ सिजी डिजिटलले उपभोक्तालाई लक्षित गर्दै स्मार्ट जीवनशैलीमा स्मार्ट किनमेल अनुभवको सुरुवात गरेको छ। चौधरी ग्रुपअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सद्वारा सञ्चालित सिजी डिजिटलले बदलिँदो उपभोक्ता आवश्यकतालाई ध्यानमा राख्दै स्मार्ट जीवनशैलीको नयाँ अध्याय सुरु गरेको जनाइएको छ।

कम्पनीका अनुसार परम्परागत रूपमा घरायसी उपकरण खरिद प्रक्रिया झन्झटपूर्ण हुने गरेकोमा अब उपभोक्ताले एकै स्थानबाट बहु ब्रान्ड उत्पादनको तुलना तथा छनोट गर्न सक्नेछन्। ग्राहकलाई एउटै उत्पादन किन्न विभिन्न पसल धाउनुपर्ने, मूल्य र गुणस्तर तुलना गर्न समय खर्चिनुपर्ने समस्याबाट मुक्ति मिल्ने बताइएको छ।

देशभर सञ्चालनमा रहेका २८ वटा सिजी डिजिटल र एलजी ब्रान्ड सप सोरुममार्फत ग्राहकले एलजी, सिजी, टिसिएल, गोदरेज, माइडिया, क्रम्टन, बेको, सेन्सेई, केन्ट, सिजी मेरिडिया तथा ब्ल्याक प्लस डेकरलगायतका ब्रान्ड एउटै प्लाटफर्ममार्फत किनमेल गर्न पाउनेछन्। बहुब्रान्ड उपस्थितिले उपभोक्तालाई आफ्ना आवश्यकता र बजेटअनुसार विकल्प छनोट गर्न सहज बनाएको कम्पनीको दाबी छ।

सिजी डिजिटलले किनमेल प्रक्रियालाई सरल र ग्राहककेन्द्रित बनाउन निःशुल्क डेलिभरी, स्पष्ट जानकारी तथा बिक्रीपछिको सेवामा समेत जोड दिएको जनाएको छ। यसले व्यस्त जीवनशैली भएका उपभोक्तालाई छिटो र सहज निर्णय लिन सहयोग पुग्ने विश्वास कम्पनीको छ।

लक्ष्मी सन्राइज बैंक र आइएफसीबिच सहकार्य सम्झौता

काठमाडौं/ लक्ष्मी सन्राइज बैंकले विश्व बैंक समूहअन्तर्गतको निजी क्षेत्रीय अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)सँग सम्झौता गरेको छ। दुवै पक्षबिच 'बैंकिङ अन वुमन' पहलअन्तर्गत थ्रलोबल डब्ल्युएमएसएमई सेक्स डिसएग्रिगेटेड डेटा सहकार्य गर्ने सम्झौता भएको हो। सम्झौतामा बैंकका तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुमेद भट्टराई तथा आइएफसीका दक्षिण एसिया क्षेत्रीय प्रबन्धक मेहदी चेरकाउईले हस्ताक्षर गरेका हुन्।

उक्त कार्यक्रमलाई महिला उद्यमशीलता प्रवर्द्धनका लागि स्थापित बहुपक्षीय अन्तर्राष्ट्रिय पहल उमन आन्टरप्रेनर्स फाइनान्स इनिसिएटिभ (विइ-फाई)ले सहयोग गरिरहेको छ। विइ-फाई विश्वभरका महिला नेतृत्व तथा स्वामित्व भएका साना तथा मझौला



उद्यममा लगानी तथा वित्तीय पहुँच विस्तार गर्ने उद्देश्यले स्थापना गरिएको बहुदातृ अन्तर्राष्ट्रिय प्लाटफर्म हो।

यसअन्तर्गत सञ्चालन हुने वुमन आन्टरप्रेनर्स फाइनान्स कोड वित्तीय संस्था, नियामक निकाय तथा वित्तीय प्रणालीसँग आबद्ध सरोकारवालाबिचको साझा प्रतिबद्धता हो। यसले महिला उद्यमीलाई आवश्यक वित्तीय स्रोत उपलब्ध गराई आर्थिक वृद्धि र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने लक्ष्य राख्छ।

सहकार्यअन्तर्गत आइएफसीले बैंकलाई लैंगिक आधारमा विभाजित तथ्यांकको संकलन, विश्लेषण तथा उपयोग प्रक्रिया सुदृढ बनाउन सहयोग गर्नेछ। यसले महिलाको स्वामित्वमा रहेका साना तथा मझौला उद्यमहरूका आवश्यकता, चुनौती तथा अवसरबारे बुझाइ विकास गर्न मद्दत गर्ने बताइएको छ। यसका आधारमा बैंकले महिला उद्यमीहरूका लागि अझ प्रभावकारी तथा उपयुक्त वित्तीय समाधान विकास गर्न सक्नेछ।

संकल्प इन्भेस्टमेन्टले लियो एभरेस्ट कफी बिन्सको पहिलो फ्रेन्चाइज

काठमाडौं/ संकल्प इन्भेस्टमेन्ट प्रालिले 'एभरेस्ट कफी बिन्स'को फ्रेन्चाइज लिएको छ। कम्पनीले आफ्नो पहिलो लगानीका रूपमा 'एभरेस्ट कफी बिन्स'को फ्रेन्चाइज लिएको हो। 'एभरेस्ट कफी बिन्स'को पनि यो पहिलो फ्रेन्चाइज बिक्री हो। एभरेस्ट ग्रुप अफ कम्पनिजले 'एभरेस्ट कफी बिन्स' सञ्चालन गर्दै आएको छ। त्यसमा कम्पनीले पहिलोपटक फ्रेन्चाइज बिक्री गरेको हो।

कम्पनीले फ्रेन्चाइज लिएर अनामनगरमा सेवा सुरु गरिसकेको छ। अनामनगरको सिंहदरबार पूर्वी गेटमा स्थापना गरिएको 'एभरेस्ट कफी बिन्स'को शुक्रबार औपचारिक उद्घाटनसमेत हुँदै छ। कम्पनीका अध्यक्ष कृष्ण अर्यालले पहिलो लगानीका रूपमा 'एभरेस्ट कफी बिन्स'को फ्रेन्चाइज लिएको बताए। 'गुणस्तर र सेवामा हामीलाई एभरेस्ट कफी बिन्स उत्कृष्ट लाग्यो। तसर्थ, हामीले हाम्रो समूहको पहिलो लगानीका रूपमा यसको फ्रेन्चाइज लिएका छौं,' उनले भने, 'आगामी दिनमा पनि यसको फ्रेन्चाइज लिएर अन्य ठाउँमा सेवा सुरु गर्छौं।' कम्पनिजका अध्यक्ष प्रेमसेन सुनारले एभरेस्टको फ्रेन्चाइज बिक्री गर्न सुरु गरेको बताए।

निभको बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल



काठमाडौं/ निभ कर्पोरेसन लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल नियुक्त भएको छ। निभ र ग्लोबलबिच यससम्बन्धी सम्झौता भएको छ। बुधबार एक कार्यक्रममा निभका तर्फबाट सञ्चालक अध्यक्ष यज्ञमूर्ति न्यौपाने र क्यापिटलका तर्फबाट कार्यकारी अधिकृत मन्दिप लुइटेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। निभले सर्वसाधारणमा प्रतिशेयर अंकित मूल्य १०० दरका २५ करोड रुपैयाँबराबरको २५ लाख कित्ता सेयर निष्कासन गर्नेछ।

कृषि तथा पर्यटन क्षेत्रमा आधुनिक, दिगो तथा स्थानीय पहिचानमा आधारित व्यवसाय सञ्चालन गर्ने उद्देश्यसहित ०७६ मा स्थापना भएको कम्पनीको केन्द्रीय कार्यालय तुलसीपुर, दाङमा छ। कम्पनीले हाल दाङ, नेपालगन्ज तथा सुर्खेत आदि क्षेत्रमा स्थानीय संस्कृति, स्वाद, वेशभूषा तथा परिवेशलाई समेटेर होटेल तथा पर्यटन व्यवसाय सञ्चालन गर्दै आएको छ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/२५ गते

यस माछापुच्छ्रे बैंक लि. हिले शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८२/१०/२२ गतेको राजधानी राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **श्री दायडजोम अलैंची तथा जडिबुटी संकलन बिक्री केन्द्र।** दर्ता नं. ९८४/०७४/०७५, दर्ता मिति : २०७४/१२/१६, पान नं. ६०७६७७७१३, दर्ता मिति : २०७४/१२/१६ ठेगाना : धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १, हिले
२. **हिस्से डोमा शेर्पा** ना.प्र.नं. ६१४७६/१६३२, जि.प्र.का. ताप्लेजुङ, जारी मिति : २०६१/०९/०८ बाबु : दावा छिरिङ शेर्पा, पति : ग्याबु शेर्पा, ससुरा : पेम्बा छिरिङ शेर्पा ठेगाना : ताप्लेजुङ जिल्ला, पाप्ड गा.वि.स. वडा नं. ४, हाल : धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरु	
१. हिस्से डोमा शेर्पा ना.प्र.नं. ६१४७६/१६३२, जि.प्र.का. ताप्लेजुङ जारी मिति : २०६१/०९/०८ बाबु : दावा छिरिङ शेर्पा पति : ग्याबु शेर्पा, ससुरा : पेम्बा छिरिङ शेर्पा ठेगाना : ताप्लेजुङ जिल्ला, पाप्ड गा.वि.स. वडा नं. ४ हाल : धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १	**२. ग्याबु शेर्पा** ना.प्र.नं. १०२०२८/४१६, जि.प्र.का. संखुवासभा जारी मिति : २०६५/०७/२४ बाबु : पेम्बा छिरिङ शेर्पा बाजे : छुशिक शेर्पा ठेगाना : संखुवासभा जिल्ला, नुनढाकी गा.वि.स. वडा नं. ४ हाल : धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १

धितोमा रहेको सम्पत्तिको विवरण

१. दावा छिरिङ शेर्पाको छोरी, पेम्बा छिरिङ शेर्पाको बुहारी, ग्याबु शेर्पाको पत्नी, ताप्लेजुङ जिल्ला, पाप्ड गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ बस्ने हिस्से डोमा शेर्पाको नाममा मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १००२ को क्षेत्रफल २-०-०-० (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी श्री दायडजोम अलैंची तथा जडिबुटी संकलन बिक्री केन्द्रले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।

४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।

५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक मौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।

६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।

७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।

१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।

११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।

१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।

१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८३/०२/०८ शुक्रबार कार्यालय समय सम्म शाखा कार्यालय, हिले	२०८३/०२/११ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, हिले

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, हिले

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
(National Level "D" Class Financial Institution Licensed by Nepal Rastra Bank)

Head Office: Pokhara-8, Newroad, Kaski
Ph: 061-400427/400477, Fax: 061-400428
Email : info@nmbmicrofinance.com, Website : www.nmbmicrofinance.com

Unaudited Financial Result (Quarterly)
As at the end of Third Quarter (2082/12/30) of the fiscal year 2082/083

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 30 Chaitra 2082

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash equivalent	588,085,832	221,797,296
Statutory Balances and Due from Nepal Rastra Bank	37,500,000	30,000,000
Placement with Bank & Financial Institutions	40,000,000	40,000,000
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	8,010,864,155	6,669,888,911
Investment Securities	1,195,691	1,195,691
Current Tax Assets	8,002,140	7,448,281
Investment Property	-	-
Property and Equipment	75,036,668	80,943,289
Goodwill and Intangible assets	2,378,552	3,459,906
Deferred Tax Assets	12,180,387	12,180,387
Other Assets	25,372,647	14,476,852
Total Assets	**8,800,616,072**	**7,081,390,614**
Liabilities	**This Quarter Ending**	**Immediate Previous Year Ending**
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	1,941,789,787	1,567,726,762
Borrowing	5,545,783,547	4,334,499,067
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	285,405,898	234,940,041
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**7,772,979,232**	**6,137,165,869**
Equity		
Share Capital	721,449,149	721,449,149
Share Premium	72,972,961	72,972,961
Retained Earnings	(9,483,765)	(60,476,990)
Reserves	242,698,496	210,279,624
Total Equity	**1,027,636,840**	**944,224,744**
Total Liabilities and Equity	**8,800,616,072**	**7,081,390,614**
Contingent Liabilities and Commitment		
Net assets value per share	**142.44**	**130.88**

Unaudited Condensed Statement of Profit or Loss
For the Quarter Ended 30 Chaitra 2082

Amount in NPR

Particulars	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	255,881,545	725,320,692	188,580,037	542,327,930
Interest Expense	(94,818,772)	(281,113,949)	(85,860,343)	(263,693,409)
Net Interest Income	**161,062,773**	**444,206,743**	**102,719,694**	**278,634,520**
Fee and Commission Income	18,983,367	52,086,591	15,927,268	38,052,406
Fee and Commission Expense	(28,652)	(55,782)	-	-
Net Fee and Commission Income	**18,954,715**	**52,030,809**	**15,927,268**	**38,052,406**
Net Interest, Fee and Commission Income	180,017,489	496,237,551	118,696,423	316,686,926
Net Trading Income			-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**180,017,489**	**496,237,551**	**118,696,423**	**316,686,926**
Impairment charge/(reversal) for loans and other losses	(13,810,452)	(63,120,134)	(1,576,697)	(2,104,240)
Net Operating Income	**166,207,037**	**433,117,418**	**117,119,726**	**314,582,686**
Operating Expense				
Personnel Expenses	(77,915,364)	(233,319,230)	(70,597,704)	(198,289,513)
Other Operating Expenses	(22,314,231)	(68,829,630)	(28,734,140)	(65,404,344)
Depreciation & Amortization	(7,691,745)	(22,849,538)	(2,564,655)	(23,400,876)
Operating Profit	**58,285,696**	**108,119,020**	**15,223,227**	**27,487,954**
Non Operating Income	196,702	208,726	8,904	37,836
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**58,482,398**	**108,327,746**	**15,232,131**	**27,525,790**
Income Tax Expense	(6,360,828)	(21,314,433)	-	-
Current Tax	(6,360,828)	(21,314,433)	-	-
Deferred Tax	-	-		
Profit for the period	**52,121,570**	**87,013,314**	**15,232,131**	**27,525,790**
Other Comprehensive Income				
Profit for the period	52,121,570	87,013,314	10,646,525	27,525,790
Other Comprehensive Income				
Total Comprehensive Income	**52,121,570**	**87,013,314**	**10,646,525**	**27,525,790**
Basic Earning Per Share	28.90	16.08	5.90	5.09
Diluted Earning Per Share	28.90	16.08	5.90	5.09
Profit for the period	**52,121,570**	**87,013,314**	**10,646,525**	**27,525,790**
Total	**52,121,570**	**87,013,314**	**10,646,525**	**27,525,790**

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		11.98%		13.96%
Non Performing Loan (NPL) To Total Loan		15.50%		5.59%
Total Loan Loss Provision to Total NPL		31.63%		65.80%
Cost of Funds		6.04%		7.45%
CD Ratio (Calculated as per NRB Direction)		430.42%		442.69%
Base Rate		13.09%		15.48%
Interest Rate Spread		7.04%		5.12%

Interest Rate

SN	Particulars	Rates
1	Deposits	7.50% to Max 8.50%
2	Loans and Advances	12% to 15.00%

Notes :
1. The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) issued by Institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advances include interest receivables and staff loans and are presented net of impairment loss.
3. Adjustments of employee benefit shall be done after recceiving the acturial valuation report.
4. Personnel Expenses include provision of staff bonus which is computed inline with the Bonus Act.
5. Previous period figures are regrouped/restated/rearranged whereever necessary for consistent presentation and comparison.
6. All lease contracts have been accounted for as per NFRS 16, accordingly right of use assets and lease liabilitieshave been recognised along with right of use assets being depreciated of straight line basis and interest calculated on lease liabilities.
7. The above figures are subject to change as per the direction of regalators/supervisors and external auditors.
8. Adjustment related to NFRS has been transferred to regulatory reserve.

Statement Of Distributable Profit or loss
For the Quarter Ended 30 Chaitra 2082

Particulars	Amount in NPR
Net Profit for the Period Ended 3rd Quarter	87,013,314
1. Appropriations	
1.1 Profit Required to be appropriated to:	20,013,062
a. General Reserve	17,402,663
b. Captal Redemption Reserve	
c. Foreign Exchange Fluctuation Fund	
d. Corporate Social Responsibility	870,133
e. Employee Efficiency Enhancement Fund	
f. Client Protection Fund	1,740,266
g. Staff Welfare Fund	
h. Others	
1.2 Profit Required to be transferefd to regulatory reserve:	
a. Transfer to regulatory reserve	
b. Transfer from regulatory reserve	
Net Profit for the Period Ended 3rd Quarter available for distribution	**67,000,252**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व २०८२/८३ को तेस्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) यस एनएमबि लघुवित्त वित्तीय संस्थाको तेस्रो त्रैमासको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। एनएमबि बैंक लिमिटेडको ५१ प्रतिशत शेयर स्वामित्व सहित एनएमबि बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजी रु.७२,१४,४९,१४८.५७ रहेको छ। यस वित्तीय संस्थामा संस्थापक ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत रहेको छ। यस वित्तीय संस्थाको एनएमबि बैंक र एनएमबि क्यापिटलसँगको सम्बन्धित पक्षबीचका कारोबार निम्न बमोजिम छ ।

क्र.स.	विवरण	रकम (रु.)
१	एनएमबि बैंकको लगानी	३६,७९,३९,०६५
२	एनएमबि बैंकबाट लिएको सापटी	२,०८,३०,२७,८२३६८
३	एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी	७,७६,५२,१६६२७
४	एनएमबि बैंकमा रहेको मौज्दात	३१,३३,८५,६५४७३
५	एनएमबि क्यापिटललाई गरेको भुक्तानी	५०,०००

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु.१६.०८	४१.२९ गुणा	रु.१४२.४४	रु.१,२१९.८५	११.७५%

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको बचत मौज्दातमा सामान्य सुधार सँगै तरलता पर्याप्त रहेको छ। वित्तीय संस्थाको कर्जा कारोबार तथा आम्दानीमा बृद्धि भएको छ। उपलब्ध स्रोत साधनको उचित व्यवस्थापन गर्दै विपन्न वर्गका ऋणीहरुको आवश्यकता पुरा गर्नलाई संस्था दृढ रहेको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
देशभरका ६७ जिल्लाहरुमा १४८ वटा शाखाहरु संचालन गरि लघुवित्त कार्यक्रम सञ्चालन गरेको यस वित्तीय संस्थाले देशका विकट हिमाली, पहाडी र तराई क्षेत्रमा बसोवास गर्ने १,५२,९९० सदस्यहरुलाई बचत तथा कर्जा सेवा प्रदान गर्नुका साथै विभिन्न सस्थाहरुसँग सहकार्य गरी स्थानीय स्तरमा सहजकर्ताको भुमिका निर्वाह गर्ने कार्य गरिरहेको छ। Tablet Banking, M-Passbook, ई-सेवा जस्ता प्रविधिको उच्चतम प्रयोग गरी सदस्यहरुलाई भुक्तानीमा सहजता तथा केन्द्र बैठकहरुको वित्तीय कारोवारमा समेत पारदर्शिता सुनिश्चित गरिएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार बचत योजना तथा कर्जा श्रृखलाहरु विकास गरी सेवा सुविधाहरु परिष्कृत गर्दै लैजाने, मोबाइल बैंकीङ्ग तथा बिधुत्तीय भुक्तानीका सम्भावनाहरुमा काम गर्ने व्यवस्थापनको योजना पनि रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
बिद्यमान व्यापार जोखिमबाट हुन सक्ने नगद प्रवाह तथा अन्य जोखिमहरु प्रति व्यवस्थापन सजग रहेको छ। आधार दरमा आधारित कर्जामा व्याजदर व्यवस्थाका कारण कर्जा उपजदरमा असर पर्ने भएकाले ब्याजदर जोखिम सिर्जना भएको तर वित्तीय संस्थाको कोषको लागत क्रमिक रुपमा सुधार हुदै आएको छ। व्यवसायमा समेत उल्लेख्य सुधार भएकाले आगामी दिनमा संचालन खर्च प्रतिशतमा सुधारका साथ आधार दर समेत नियन्त्रणमा रहने अपेक्षा गरिएको छ। वित्तीय संस्थाको खुद ब्याज आम्दानी दरमा सन्तोषजनक बृद्धि सँगै वित्तीय संस्थाको मुनाफा सुनिश्चितताका साथै नगद प्रवाहमा असर नपर्ने अपेक्षा गरिएको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
क) यस त्रैमासमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।
ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको हालसम्म संस्थालाई कुनै पनि जानकारी प्राप्त भएको छैन।
ग) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकको विरुद्धमा आर्थिक अपराध गरेको सम्बन्धमा कु

का.नि.द.नं.१२८/७६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७७

■ नेपाल, स्कटल्यान्ड र अमेरिकाबिच अभ्यास खेल

स्कटल्यान्डमाथि नेपालको 'ए' टोली हाबी

नयाँ पत्रिका

नेपालको राष्ट्रिय क्रिकेट 'ए' टोलीले स्कटल्यान्डको सिनियर टोलीमाथि ४५ रनको जित निकालेको छ। अर्को साता त्रिवि क्रिकेट मैदानमा नेपाल, स्कटल्यान्ड र अमेरिकाबिच त्रिकोणात्मक आइसिसी विश्वकप लिग २ सुरु हुँदै छ। सोही सिरिजको तयारीका लागि लिग २ को दोस्रो स्थानमा रहेको स्कटल्यान्डले बिहीबार मूलपानी मैदानमा नेपालको 'ए' टोलीसँग पहिलो अभ्यास खेल खेलेको हो। नेपालको कसिलो बलिङ सामना गर्न नसक्दा स्कटल्यान्ड ४५ रनले पराजित भयो।

नेपालको जितमा देव खनालले अर्धशतकीय इनिङ्स खेलेका थिए। टस जितेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा आठ विकेट गुमाउँदै २७७ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा स्कटल्यान्ड ४८.२ ओभरमा २३२ रनमा समेटियो। नेपाली 'ए' टोलीले विश्वकप लिग २ को शीर्ष स्थानमा रहेको अमेरिकासँग शुक्रबार दोस्रो अभ्यास खेल खेल्नेछ। नेपाल क्रिकेट संघ (क्यान)ले अभ्यास खेलका लागि दोस्रो रोजाइका खेलाडीलाई मौका दिएको छ। दोस्रो रोजाइको टोली भए पनि नेपालले बलियो प्रतिद्वन्द्वी स्कटल्यान्डविरुद्ध ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गऱ्यो।

यसै साता सकिएको विश्वकप लिग २ को सिरिजमा नेपालले युएईलाई दुई खेलमा हराएको थियो। नेपालले ओमानसँगको प्रतिस्पर्धामा समान एक जित र हार नतिजा हात पाऱ्यो। चारमध्ये तीन जित निकाल्दा पनि नेपाल अंकतालिकाको सातौँ स्थान छ। नेपाल एकदिवसीय मान्यता रक्षा गर्न संघर्षरत छ।



देव खनाल

देवले सम्हालिएको नेपालको ब्याटिङ

नेपालको ब्याटिङमा देवले सर्वाधिक ६३ रनको योगदान दिएका थिए। उनले ६५ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए। देवले पहिलो विकेटका लागि मयांक यादवसँग ५६ रनको साझेदारी गर्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाए। देवलाई क्रिजमा गतिलो साथ दिइरहेका मयांकले ८६ बलमा ४५ रन बनाएका थिए। देवले सन्दीप जोरासँग तेस्रो विकेटका लागि ७७ रनको साझेदारी गरेका थिए। नेपालका ओपनर तथा कप्तान अनिलकुमार साहले १८ रन जोडे। सन्दीप जोराले ३४ रन बनाए। नेपालको ब्याटिङमा ओपनर मयांक र कप्तान अनिलले पहिलो विकेटका लागि ५६ रनको साझेदारी गरे। नेपालले दुवै ओपनर गुमाउँदा २३.१ ओभरमा ८३-२ को प्रदर्शन गरेको थियो। मध्यक्रमका पवन सर्राफले ३१ रनको योगदान दिए। नेपालको ब्याटिङ इनिङ्सको अन्तिम ओभरमा २२ रन आएको थियो। जसमा दीपक डुम्रेले सात बलमा अविजित २३ रनको योगदान गरे। स्कटल्यान्डका लागि ब्रान्डली करी र सफियान सरिफले समान दुई विकेट हात पारेका थिए। ओलिभर डेविडसन, ब्रान्डन म्याकमुलन, ज्याक जार्भिस र मार्क वाटले समान एक विकेट लिए।

> विश्वकप क्रिकेट लिग २ को दोस्रो स्थानमा रहेको स्कटल्यान्डविरुद्ध नेपालको 'ए' टोलीको ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन

रसिदको कसिलो बलिङ

स्कटल्यान्डले जितका लागि २७८ रन पछ्याएको थियो। स्कटल्यान्डले गतिले सुरुवात गरे पनि मध्यक्रमका ब्याट्सम्यानले राम्रो खेल्न सकेनन्। स्कटल्यान्डको बलियो ब्याटिङ लाइनमाथि नेपालका स्पिनर रसिद खानले कसिलो बलिङ गरेका थिए। उनले महत्त्वपूर्ण तीन विकेट लिँदा खेलमा नेपाल हाबी भयो। रसिदले २३ रन खर्चेर तीन विकेट हात पारेका हुन्। यसैगरी, साहब आलम, युवराज खत्री र बसिर अहमदले समान दुई विकेट आफ्नो नाममा लेखाए।

स्कटल्यान्डको ब्याटिङमा ओपनर फिन्ले म्याक्राथले सर्वाधिक ५२ रन बनाएका थिए। उनले ७३ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए। यसैगरी, ज्याक जार्भिसले ४५, मार्क वाटले ३७ र ब्रन्डन म्याकमुलनले २१ रन जोडेका थिए। स्कटल्यान्ड इनिङ्सको एक समयमा १२८-४ को स्थितिमा थियो। ज्याक जार्भिस र ओलिभरले आठौँ विकेटका लागि ५१ रनको साझेदारी गर्दै स्कटल्यान्डलाई जितको आशा दिलाएका थिए।

पहिलो प्रयासमै चित्लाङ बागमती गोल्डकपको फाइनलमा

मकवानपुर **पोष्टराज अधिकारी**

चित्लाङ एफसी आठौँ बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। पहिलो सहभागितामै चित्लाङ अन्तिम दुईमा पुगेको हो। चित्लाङले दोस्रो सेमिफाइनलमा बिहीबार सिमराको नवजनजागृति क्लबलाई ५-१ को फराकिलो अन्तरले हरायो। सहिद स्मृति रंगशालामा चित्लाङलाई अन्तिम दुई स्थानमा पुऱ्याउने क्रममा विदेशी खेलाडी सोलोमन किङ र एरोन थापाले समान दुई गोल गरेका थिए।

चित्लाङले उपाधि भिडन्तमा बागमती युथको सामना गर्नेछ। बागमतीले पहिलो सेमिफाइनलमा ललितपुरको फ्रेन्ड्स क्लबलाई टाइब्रेकरमा हराएको थियो। प्रतियोगिताको फाइनल शनिबार हुनेछ। खेलको ४३औँ मिनेटमा सोलोमनले चित्लाङलाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमा चित्लाङले नवजनजागृतिविरुद्ध थप गोल गर्न सकेन। तर, दोस्रो हाफमा उसले चार गोल गऱ्यो।

खेलको ७८औँ मिनेटमा एरोन थापाले चित्लाङलाई २-० को अग्रता दिलाए। खेलको ७९औँ मिनेटमा समीर तामाङले टोलीलाई ३-० को अवस्थामा पुऱ्याए। खेलको ८१औँ मिनेटमा एरोनले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई ४-० को स्थितिमा राखे। नवजनजागृतिका लागि ८३औँ मिनेटमा विक्रम लामाले एक गोल फर्काए।



उपाधि विजेताले १० लाख पाउने

यसअघि पहिलो सेमिफाइनलमा बागमतीले फ्रेन्ड्सलाई टाइब्रेकरमा ५-४ ले निराश बनाएको थियो। निर्धारित समयमा १-१ को बराबरीपछि खेल टाइब्रेकरमा धकेलियो। फ्रेन्ड्सका लागि सुजन चौधरी, राजेश दाहाल, विवेक मगर र रूपेश केसीले गोल गरे।

आर्सनलको प्रतिद्वन्द्वी पिएसजी

एजेन्सी

इंग्लिस क्लब आर्सनलले युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको उपाधिका लागि साबिक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी) को सामना गर्ने भएको छ। हंगेरीको बुढापेस्टमा आगामी ३० मेमा फाइनल हुनेछ। लगातार दोस्रोपटक फाइनल स्थान सुरक्षित गर्ने क्रममा पिएसजीले सेमिफाइनलको दोस्रो लेगमा बायर्न म्युनिख क्लबलाई १-१ को बराबरीमा रोकेको थियो। समग्रमा पिएसजीले जर्मन क्लब बायर्नमाथि ६-५ को नतिजा निकाली अन्तिम दुई स्थान सुरक्षित गरेको हो।

यसअघि आर्सनलले स्पेनिस क्लब एट्लेटिको म्याड्रिडलाई समग्रमा २-१ ले हराउँदै दुई दशकपछि फाइनल स्थान पक्का गरेको थियो।

सन् २००६ पछि आर्सनलले च्याम्पियन्स लिग उपाधि भिडन्तमा आफूलाई उभ्याएको हो। पिएसजी भने पछिल्लो समयमा उत्कृष्ट फर्ममा छ। कुनै समय विश्वकै उत्कृष्ट खेलाडी लियोनल मेसी, केलियन एम्बाप्पे र नेमारको साथ पाएको पिएसजीले च्याम्पियन्स लिग जित्न सकेन। यी खेलाडीको बहिर्गमनपछि नयाँ संरचनामा अगाडि बढेको पिएसजी युरोपियन फुटबलमा दबदबा कायम राख्न सफल भएको छ। पिएसजीलाई लगातार दोस्रोपटक फाइनल पुऱ्याउँदा स्पेनिस प्रशिक्षक लुइस एन्रिक दंग छन्।

गत सिजनमा पहिलोपटक पिएसजीले उपाधि जित्दा युरोपका शक्तिशाली क्लबहरूलाई पाखा लगाएको थियो।

त्यसवेला पिएसजीले म्यानचेस्टर सिटी, लिभरपुल, एस्टन भिल्ला र आर्सनललाई हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८३/०१/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

तिनपैनी शाखा, मोरङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२६१४०/०७६/०७७ अन्तर्गत मिति २०७६/०६/१२ मा दर्ता कायम भएको **बेलबारी हाउजिङ्ग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : विराटनगर म.न.पा.- ३, मोरङ स्थायी लेखा नं. ६०९६३८९६१, मिति : २०७७/०९/२३ **संचालक तथा अध्यक्ष : श्रीमती गंगा सुवेदी** **कर्जा शिर्षक : अल्पकालीन तथा सवारी साधन कर्जा**	**दिनेश सुवेदी** ना.प्र.नं. २७१०६०/१०१९५९ जारी मिति : २०६९/०५/२५, जि.प्र.का. काठमाडौं बाबुको नाम : स्व. जय प्रसाद सुवेदी बाजेको नाम : प्रेम प्रसाद सुवेदी स्थायी ठेगाना : काठमाडौं म.न.पा.- १०, काठमाडौं

सञ्चालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

श्रीमती गंगा सुवेदी	दिपेश सुवेदी	दिवस सुवेदी
ना.प्र.नं. ११०९, जारी मिति : २०४१/०२/१५ जि.प्र.का. मोरङ पतिको नाम : दिनेश सुवेदी ससुराको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : बेलवारी - ३, मोरङ	ना.प्र.नं. ६०४२७ जारी मिति : २०५८/०५/१८, जि.प्र.का. मोरङ बाबुको नाम : दिनेश सुवेदी बाजेको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : विराटनगर उ.म.न.पा. - १३ , मोरङ	ना.प्र.नं. ७०९२४ जारी मिति : २०५९/०८/२०, जि.प्र.का. मोरङ बाबुको नाम : दिनेश सुवेदी बाजेको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : विराटनगर उ.म.न.पा.- १३, मोरङ

धितोको विवरण (घर/जग्गाको विवरण)

१. बेलबारी हाउजिङ प्रा. लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ३ ख (भगवती उच्च मा. बि. नजिक) स्थित कि.नं. १०६३, १०६४, १०६५, १०६६, १०६७, १०६८, १०६९, १०७०, १०७१, १०७२, १०७३, १०७४, १०७५, १०७६, १०७७, १०७९, १०८२, १०८३, १०८४, १०८५, १०८६, १०८७, १०८८, १०८९, १०९०, १०९१, १०९२, १०९३, १०९४, १०९५, १०९६, १०९७, १०९८, १०९९, ११००, ११०१, ११०२, ११०७, ११०८, ११०९, १११०, १११९, १११२, १११३, १११४, १११९, ११२०, ११२१, ११२२, ११२३, ११२४, ११२५, ११२६, ११२७, ११२८, ११२९, ११३०, ११३१, ११३२, ११३३, ११३४, ११३५, ११३६, ११३७ २९७, २५२, ६६३ र ६६२ को क्षेत्रफल क्रमश : ०-४-४-३, ०-४-४-३, ०-०-१९-३, ०-०-१०-२, ०-०-१२-२, ०-०-१३-३, ०-०-१४-१, ०-०-१४-२, ०-१-५-२, ०-०-१३-२, ०-०-१२-३, ०-०-१३-१, ०-०-१३-१, ०-०-१३-०, ०-०-१२-३, ०-०-१३-१, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१२-२, ०-०-१३-१, ०-०-११-१, ०-०-१०-०, ०-०-११-०, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-१४-३, ०-०-११-१, ०-०-१०-१, ०-०-१०-२, ०-०-१०-१, ०-०-१०-१, ०-०-१०-२, ०-०-१०-०, ०-०-८-१, ०-०-८-३, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-१३-०, ०-०-११-३, ०-२-१३-१, ०-२-३-१, ०-०-१२-०, ०-०-१०-२, ०-०-१०-२, ०-०-१०-३, ०-०-१४-३, ०-३-०-०, ०-२-१०-०, ०-४-१०-० र ०-०-१०-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बेलबारी हाउजिङ प्रा. लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ३ ख (भगवती उच्च मा. बि. नजिक) स्थित कि.नं. १०७८, १०८१, १०८०, ११०४, ११०३, १११७, १११८, १११६, १११५ र ११०६ को क्षेत्रफल क्रमश : ०-०-११-३, ०-०-११-०, ०-०-१०-२, ०-०-१२-३, ०-०-१२-३, ०-०-९-०, ०-०-८-१, ०-०-१०-२, ०-०-१०-० र ०-२-५-१ बिगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
JCB 3DX Super BHL	प्र.१ ०२ ००१ क ४३६१	२०२१	H00298315	HAR3DXSUC03017725

भुमही शाखा, नवलपरासी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. ३५३/४४९२/०६७ अन्तर्गत मिति २०६७/१२/०८ मा दर्ता कायम भएको **देवी राईस मिल** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. - १, नवलपरासी स्थायी लेखा नं. ६०००९८३०८, मितिः २०६८/०२/०१ **प्रोप्राइटर : पशुपति तेली** **कर्जा शिर्षक : आवधिक, ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**दिपेन्द्र गुप्ता** ना.प्र.नं. ८८८९२ जारी मिति : २०६३/०४/१६ जि.प्र.का. नवलपरासी बाबुको नाम : पशुपती तेली बाजेको नाम : महावीर प्रसाद स्थायी ठेगाना : रामग्राम - २, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. - १, नवलपरासी	**पशुपति तेली** ना.प्र.नं. १२३८ जारी मिति : २०४०/१२/०२ जि.प्र.का. नवलपरासी बाबुको नाम : महावीर प्रसाद बाजेको नाम : देवी प्रसाद तेली स्थायी ठेगाना : परासी आ.- ४, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. - १, नवलपरासी	**कमला गुप्ता** ना.प्र.नं. ७७६५३ जारी मिति : २०६१/१२/१४ जि.प्र.का. नवलपरासी बाबुको नाम : गोपी साहु (गुप्ता) पतिको नाम : पशुपति तेली ससुराको नाम : महावीर प्रसाद स्थायी ठेगाना : रामग्राम- २, नवलपरासी हालको ठेगानाः रामग्राम न.पा.- १, नवलपरासी
२. **दिपेन्द्र गुप्ता** **कर्जा शिर्षक : घर कर्जा**			

धितोको विवरण (जग्गाको विवरण)

१. देवी प्रसाद तेलीको नाति, महाविर प्रसाद तेलीको छोरा, पशुपति तेलीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, परासी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २७६१, ६९६ र १७०४ को क्षेत्रफल क्रमश : ०-३-५-०, ०-२-२-० र ०-२-१५-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. महाविर प्रसाद तेलीको बुहारी, पशुपति तेलीको पत्नी, कमला गुप्ताको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, परासी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. २७१७ र २७१८ को क्षेत्रफल क्रमश : ०-३-४-० र ०-३-८.५-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. महाविर प्रसाद तेलीको नाति, पशुपति तेलीको छोरा, दिपेन्द्र गुप्ताको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, परासी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. १७०३, ५२४ र १५८० को क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-२-५-० र ०-१-०-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
३. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १०८८/८७८८ अन्तर्गत मिति २०७३/०४/२७ मा दर्ता कायम भएको **कुवारवर्ती हार्डवेयर** फर्म दर्ता ठेगाना : रुपौलिया -५, नवलपरासी स्थायी लेखा नं. ६०५०६४३७३, मिति : २०७३/०५/२० **प्रोप्राइटर : इन्दल प्रसाद पंजियार** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**इन्दल प्रसाद पंजियार** ना.प्र.नं. ५१२३४ जारी मिति : २०५६/०५/१३ जि.प्र.का. नवलपरासी बाबुको नाम : डिल्ली राम पंजियार बाजेको नाम : जंगी स्थायी ठेगाना : रुपौलिया -९, नवलपरासी हालको ठेगाना : सुस्ता गा.पा. -२, नवलपरासी	**श्रीमती शिवजानकी देवी पंजियार** ना.प्र.नं. १४३५, जारी मिति : २०४५/०२/०१ जि.प्र.का. नवलपरासी बाबुको नाम : जिवराम थारु पतिको नाम : इन्दल प्रसाद पंजियार ससुराको नाम : डिल्ली राम पंजियार स्थायी ठेगाना : रुपौलिया -९, नवलपरासी हालको ठेगाना : सुस्ता गा. पा. -२, नवलपरासी

धितोको विवरण (जग्गाको विवरण)

जंगीको नाती, डिल्लीराम पंजियारको छोरा, इन्दल प्रसाद पंजियारको नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, रुपौलीया गा.वि.स./न.पा. वडा नं. ८ क (सतपत्ति चोक नजिक) स्थित कित्ता नं. १७८ र ५३५ को क्षेत्रफल क्रमशः ०-७-१९-० र १-१४-५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

हनुमानदास रोड शाखा, मोरङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर, मोरङमा प्रा.फ.र.नं. २९५३६/०७४/७५ अन्तर्गत मिति २०७४/०४/०६ मा दर्ता कायम भएको **प्रधुन्न सप्लायर्स** फर्म दर्ता ठेगाना : विराटनगर ३, मोरङ स्थायी लेखा नं. ६०३९७५४६० मिति २०७३/०९/१९ **प्रोप्राइटरः रमेश कुमार घिमिरे** **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**रमेश कुमार घिमिरे** ना.प्र.नं. ४४०, जारी मिति : २०५१/११/१९ जि.प्र.का. उदयपुर बाबुको नाम : नारायण प्रसाद घिमिरे बाजेको नाम : बद्रिनाथ घिमिरे स्थायी ठेगाना : बुईपा ८, खोटाङ हालको ठेगाना : विराटनगर म.न.पा.-३, मोरङ	**अम्बिका कार्की** ना.प्र.नं. ७६१३२, जारी मिति : २०६०/०४/१९ जि.प्र.का. मोरङ बाबुको नाम : ललित बहादुर कार्की पतिको नाम : रमेश कुमार घिमिरे ससुराको नाम : नारायण प्रसाद घिमिरे स्थायी ठेगाना : मृगौलिया-४, मोरङ हालको ठेगाना : विराटनगर म.न.पा.-३, मोरङ

धितोको विवरण (सवारी साधनको विवरण)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
AL MCV Tipper	प्र १ ०२ ००१ क ४५५२	२०२१	MB1G3DFD8MRKL0399	MKHZ403015
AL MCV Tipper	प्र १ ०२ ००१ क ३९७०	२०१९	MB1G3DFD0KEJC8370	KJEZ401298

नोटः यस बैंकको नाममा रहेको माथि उल्लेखित सवारी साधन नं. प्र १ ०२ ००१ क ३९७० हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ताँदिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेम